सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ माघ २०८२, शनिबार (7 Feb 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ जेन-जी आन्दोलनमा दमन र क्षति

पाँच महिनामा पनि पूरा भएन मानव अधिकार आयोगको छानबिन



जेन-जी आन्दोलनमा ज्यान गुमाएका युवाहरूको सम्झनामा शुक्रबार झापाको दमकमा द्वीप प्रज्वलन गर्दै युवाहरू। २३ र २४ भदौको जेन-जी आन्दोलनको शुक्रबार ठीक पाँच महिना पुगेको छ।



डा. लिली थापा
छानबिन टोली संयोजक
तथा मानव अधिकार आयोगकी सदस्य

“विस्तृत रूपमा छानबिन गर्दा धेरै समय लागेको हो, बयानलगायतका धेरै काम सकिइसकेको छ। अब ८-१० दिनभित्र प्रतिवेदन बुझाउने हाम्रो तयारी छ।

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा राज्यको दमन र आन्दोलनका कारण भएको क्षतिसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगको छानबिन सुस्त देखिएको छ। एक महिनाभित्रै प्रतिवेदन बुझाउने उद्देश्यसहित २४ भदौमै आयोगले छानबिन टोली गठन गरेकोमा पाँच महिना पुगिसक्दा पनि छानबिन सकाएको छैन।

एक महिनाअघि नै आयोगले बयानलगायतको काम पूरा गरिसकेको छ। प्रतिवेदन लेखनका नाममा आयोगको छानबिन लम्बिएको हो।

आन्दोलनकै दिन आयोगले सदस्य डा. लिली थापाको अध्यक्षतामा छानबिन टोली गठन गरेको थियो। टोलीले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखकलगायतसँग बयान लिइसकेको छ। प्रतिवेदन लेखनकै नाममा एक महिना लागेपछि योजनाबद्ध रूपमा छानबिन लम्ब्याउन खोजिएको आशंका गरिएको छ।

टोलीकी संयोजक डा. थापा भने विस्तृत अनुसन्धान गर्नुपर्ने भएकाले धेरै समय लागेको र अब ८-१० दिनभित्रै प्रतिवेदन पेस गरिने बताउँछिन्। ‘विस्तृत रूपमा छानबिन गर्दा धेरै समय लागेको हो, बयानलगायतका धेरै काम सकिइसकेको छ,’ उनले भनिन्, ‘अब ८-१० दिनभित्र प्रतिवेदन बुझाउने हाम्रो तयारी छ।’

आयोगले ८० भन्दा धेरैजनाको बयान लिएको छ। साथै, विभिन्न विषयका विज्ञको समेत राय लिइएको स्रोत बताउँछ। ‘मुख्यगरी २३ भदौको घटनामा भएको दमनको विषयमा केन्द्रित भएर छानबिन गरेका छौं,’ अनुसन्धान टोलीमा रहेका एक अधिकारी भन्छन्, ‘भोलिपल्ट (२४ भदौ)का विषयमा पनि सबै पक्षलाई

» पृष्ठ २ मा क्रमशः

जाँचबुझ आयोगले आगामी साता प्रतिवेदन बुझाउने



● **विज्ञानराज शर्मा**
प्रवक्ता, जाँचबुझ आयोग

थपिएको म्यादभित्रै प्रतिवेदन बुझाउने गरी काम गरिरहेका छौं। प्रतिवेदन लेखन भइरहेको छ।

काठमाडौं/ जेन-जी आन्दोलनका सम्बन्धमा सरकारले गठन गरेको जाँचबुझ आयोगले आगामी साता प्रतिवेदन बुझाउने भएको छ। दुई साताअघि सरकारले आयोगको म्याद २० दिन थप गरेको थियो। जसअनुसार २९ माघसम्म आयोगको म्याद छ। ‘थपिएको म्यादभित्रै प्रतिवेदन बुझाउने गरी काम गरिरहेका छौं,’ आयोग प्रवक्ता विज्ञानराज शर्मा भन्छन्, ‘प्रतिवेदन लेखन भइरहेको छ।’

पूर्वन्यायाधीश गौरीबहादुर कार्की अध्यक्ष रहेको आयोगले गत ९ असोजदेखि काम सुरु गरेको हो। सुरुमा आयोगलाई तीन महिनाको समय दिइएको थियो। सो अवधिमा छानबिन नसकिएपछि एक महिना थपियो। त्यो अवधिले पनि नपुगेपछि दोस्रोपटक म्याद थपिएको हो।

आयोगले करिब दुई सयजनाको बयान तथा कागज गरेको छ। पूर्वप्रधानमन्त्री केपी ओलीसँग आयोगले उनको घरमै गएर बयान लिएको थियो। आयोगले फिल्डमा खटिएका सुरक्षाकर्मीदेखि तीनवटै सुरक्षा निकायका प्रमुखको बयान लिएको छ। त्यस्तै, आन्दोलनका घाइतेदेखि जेन-जी अगुवाको पनि आयोगले कागज गरेको छ।

पछिल्लो समय आयोगले आन्दोलनमा खटिएको टिओबी समूहका सदस्यलाई बोलाएर सोधपुछ गरेको छ। त्यस्तै, २३ भदौमा बानेश्वरमा भएको आन्दोलनमा बल प्रयोगको समयमा सिसिटिभी फुटेज मगाएर विश्लेषण भइरहेको आयोगका एक अधिकारीले बताए। सहिद परिवार तथा आन्दोलनका घाइतेले भने दमनकर्तामाथि कारबाहीमा ढिलाइ भएकोमा असन्तुष्टि जनाउँदै आएका छन्। त्यस्तै, आन्दोलनको आवरणमा लुटपाट र तोडफोड गरिएको घटनामा संलग्नमाथि कारबाही नभएको भन्दै निजी क्षेत्रले पनि असन्तुष्टि जनाएको छ।

■ जन्तीबस दुर्घटनामा १३ को मृत्यु, ३५ घाइते

बेहुली लिन गएका सबै फर्किएनन्

शोकमा बैतडी र बझाङका दुई गाउँ



● **दीपकुमार राय**, डिएसपी, बैतडी

दुर्घटनाग्रस्त बसमा ४९ जना सवार थिए। चालकसँगको प्रारम्भिक बयान र बसमा रहेका यात्रुको अवस्था हेर्दा ओभरलोड भएका कारण घुम्तीको उकालोमा बस उक्लिन नसक्दा ब्याक भएर दुर्घटना भएको हुन सक्ने देखिन्छ। यसबारे थप अनुसन्धान भइरहेको छ।

बैतडीमा **लोकेश साउद**

अन्माएर दिदीलाई कर्मघर पुऱ्याउन हिँडेका भाइ अस्ताए। बेहुली लिन गएकाहरू पनि सबै घर फर्किन पाएनन्। जन्तीबस बैतडीको पुर्चौडी नगरपालिका-७, बडूगाउँको घुम्तीमा बिहीबार राति ७:५५ बजे दुर्घटना हुँदा १३ को ज्यान गयो, ३५ घाइते छन्।

छोरी अन्माएको पुर्चौडी नगरपालिका- ७, भवनेगाउँ र बुहारी भित्र्याउन उत्सवमा रहेको बझाङको बित्थडचिर गाउँपालिका- ७, लगुनासा यतिवेला शोकमा छन्।

बेहुला-बेहुली, बेहुलाका भाइ र बेहुलाका हजुरबुवा भने छुट्टै जिपमा थिए। जुन जिपले घुम्ती नाघिसकेको थियो। बाँकी जन्तीहरू सवार बस दुर्घटना हुँदा बेहुला माधवका सहोदर काकाहरू नरेन्द्रराज जोशी र विष्णु जोशी अनि बेहुलीका भाइ सुशील जोशी अस्ताएका छन्। नरेन्द्रराज बझाङको बित्थडचिर गाउँपालिका- ७ का वडासचिव र विष्णु बित्थडचिरमा रहेको महादेव माविका अंग्रेजी शिक्षक हुन्। बेहुलाका बुवा शंकर जोशी र माइला बुवा गजेन्द्र पनि घाइते छन्, धनगढीको निसर्ग अस्पतालमा उपचार भइरहेको छ।

बस लगुनासा गाउँबाट बेहुली लिन बिहीबार बिहान बैतडी हिँडेको थियो। बस र जिप पुर्चौडीको गिरिजाबगर बसपार्कमा पार्किङ गरेर जन्ती पाँच मिनेट हिँड्दै बेहुलीको घर पुगेको थियो। शुभसाइतमा विवाह भयो। बेहुली लिएर जन्ती पुनः बसपार्क फर्कियो। बसपार्कबाट तीन किलोमिटर अगाडि नपुग्दै बस बडूगाउँको घुम्तीमा भिरबाट डेढ

» पृष्ठ २ मा क्रमशः

■ बसबाट हामफालेर ज्यान जोगाएका अमरराज जोशी भन्छन्-

बस उकालो चढेन, उल्टै ब्याक भएर भिरबाट झऱ्यो

मेरो घर पुर्चौडी नगरपालिका- ७, भवनेगाउँ हो। बेहुली अन्माउने वेला अँध्यारो हुन थालिसकेको थियो। हामी टर्च बालेर भवनेगाउँबाट पाँच मिनेट पैदल ओरालो झरेर गिरिजाबगरमा आइपुग्यौं। सडक गिरिजाबगरसम्म मात्र छ। त्यहाँ राताशिला देवता छन्। देवताको मन्दिरमा पूजाआजा तथा धुपबत्ती बाल्दा १० मिनेटजति लाग्यो होला। बेहुला-बेहुलीले मन्दिरमा धुपबत्ती बाले। हामी बगरमा पर्खिएर बस्यौं। १० मिनेटपछि त्यहाँबाट बस र जिप हिँडे। समय ठ्याक्कै याद गरिएन, साढे ७ बजेको थियो सायद। कोटेलीगाड तरेर हामी चढेको बस उकालो कच्ची सडकमा गुड्न थाल्यो। बसमा चर्को आवाजमा गीत बजिरहेको थियो। सबैजना गीत गाउँदै-नाच्दै गरिरहेका थिए। खेतको बिचैबिच बनेको सडकमा १० मिनेटजति हिँडेपछि बस उकालो घुम्ती रहेको बडूगाउँको मोडमा पुग्यो।

बडूगाउँ र अवस्थीगाउँका दुलाही पक्षका मानिस बसको ग्यालरीदेखि अगाडिको भागसम्म खचाखच थिए। उनीहरू हिँडेरै पनि २० मिनेटमा घर पुग्न सक्थे। तर, बस चढेर रमाइलो गर्दै आए। बडूगाउँको उकालो मोडमा पुग्दा बस अघि बढ्न नसकेर पछाडि आयो। चालकले ब्रेक लगाए। मोसन बनाएर फेरि अगाडि बढाउन खोजे। मलाई भित्रैदेखि डर लागिरहेको थियो। मलाई थाहा थियो, यो मोडको तल ठुलो भिर छ भनेर। चालकले दोस्रो प्रयास गर्दा पनि बस अघि बढ्न नसकेर पछाडि हुत्तिन थाल्यो। म ग्यालरीको बिचमा उभिएको थिएँ। हतार-हतार ढोकातर्फ दौडिएँ। दुई-तीनजनालाई उछिनेर ढोकाबाट हामफालें। म सडकछेउमा पछारिँदै भिरतर्फ बत्तिएँ। बस भिरबाट खस्दै तल खेतमा पुगिसकेको थियो। एकछिन अघि गाउँदै नाचिरहेकाहरू चिच्याइरहेका थिए।

म पाँच-सात मिटर भिरमा पुगेको रहेछु। त्यतिवेला मैले उत्तिसको रुख समातेको थिएँ। त्यहाँबाट हात र खुट्टाले टेकेर सडकमा आएँ। खल्तीबाट फोन निकालेर पुरघाट प्रहरीचौकीमा कार्यरत रामप्रसाद भट्टलाई फोन गरेर दुर्घटना भएको बताएँ। त्यसपछि स्वास्थ्यचौकीका इन्चार्ज दीपेन्द्र धामीलाई खबर गरें। फोन गर्दासम्म होस थियो, पछि म बेहोस भएछु। होस आउँदा उद्धार भइरहेको थियो। बेहुली पुऱ्याउन हिँडेको म फर्केर घर गएँ। त्यो घटनाले गर्दा अहिले पनि निदाउन सकिरहेको छैन।

सामाजिक सञ्जालको दुरुपयोगले सुरक्षा चुनौती थपिएको निष्कर्ष

नयाँ पत्रिका

निर्वाचनको मिति नजिकिँदै गर्दा सामाजिक सञ्जालको दुरुपयोग बढेको र यसले सुरक्षा चुनौती थपिएको निष्कर्ष केन्द्रीय सुरक्षा समितिले निकालेको छ। शुक्रबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकले सामाजिक सञ्जालको दुरुपयोग रोक्न नेपाल प्रहरीले सञ्चालनमा ल्याएको अत्याधुनिक युनिटलाई थप
प्रभावकारी बनाउने निर्णय गरेको छ।



खासगरी भ्रमपूर्ण सामग्री सामाजिक सञ्जालमा राखेर दुष्प्रचार भइरहेको र निर्वाचन नजिकिँदै गर्दा भनै बढ्न सक्ने भएकाले यसतर्फ प्रहरीले विशेष सक्रियता देखाउनुपर्ने बैठकमा औंल्याइएको छ।

त्यस्तै, बैठकले निर्वाचनमा ड्रोनको प्रयोग गर्न प्रतिबन्ध लगाउने निर्णय गरेको छ। ड्रोनका कारण सुरक्षा चुनौती बढ्ने भएकाले प्रतिबन्ध लगाउने निर्णय गरिएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए। त्यस्तै, सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी आवश्यक व्यवस्था गर्ने, निर्वाचन आचारसंहिताको उल्लंघन

» पृष्ठ २ मा क्रमशः

वर्षमान र स्वर्णिमको उजुरीमा छानबिन जारी





सामाजिक सञ्जालमा मिथ्या सामग्रीको दुष्प्रचार भएपछि दुई उम्मेदवारले प्रहरीमा उजुरी दिएका छन्। नेपाली कम्युनिस्ट पार्टीका नेता तथा रोल्पाका उम्मेदवार वर्षमान पुन र राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति रहेका तनहुँ १ का उम्मेदवार डा. स्वर्णिम वाग्लेले उजुरी दिएका हुन्। धर्मसँग जोडेर वाग्लेको विषयमा सामाजिक सञ्जालमा प्रचार गरिएको भन्दै उनले उजुरी दिएका हुन्। त्यस्तै, नक्कली घोषणापत्र बनाएर प्रचार गरेपछि पुनले उजुरी गरेका हुन्। दुवै उम्मेदवारको उजुरीमा छानबिन भइरहेको साइबर ब्युरोका एसपी दीपकराज अवस्थीले बताए।

उता निर्वाचन आचारसंहिताको उल्लंघनकै आरोपमा मेडिकल व्यवसायी दुर्गा प्रसाईं पत्राउ परेका छन्। काठमाडौं प्रहरीले उनलाई शुक्रबार दिउँसो चाल्नाखेलबाट पत्राउ गरेको हो। निर्वाचन आयोगबाट आएको पत्रका आधारमा उनलाई पत्राउ गरी साइबर अपराधको कसुरमा कारबाही अघि बढाइएको ब्युरोका एसपी अवस्थीले बताए।

आजदेखि विश्व क्रिकेट महोत्सव

भारत र श्रीलंकामा एक महिनासम्म चल्ने प्रतियोगितामा नेपालले भोलि दुईपटकको च्याम्पियन इंग्ल्यान्डसँग प्रतिस्पर्धा गर्ने

■ नेपाल-इंग्ल्यान्ड खेलको टिकट ‘सोल्डआउट’

करिब ४० हजार क्षमताको रंगशालामा अनलाइन टिकट पाइएको छैन। आइसिसीका अनुसार नेपाल र भारतका खेलको टिकट ‘सोल्डआउट’ भएका छन्।



● **रोहितकुमार पौडेल**, कप्तान

यसअघि दुवैपटक समूह चरण पार गर्न सकेनौं। यसपटक सुपर-८ मा पुग्ने योजना बनाएका छौं। खेलाडीको आत्मविश्वास पनि छ। यसपटक टेस्ट राष्ट्रलाई हराउँदै नयाँ कीर्तिमान रच्छौं।

मुम्बईमा **रमेश सुवेदी** र **अमुल थापा**

आइसिसी टी-२० विश्वकपको दसौं संस्करण शनिबारदेखि भारत र श्रीलंकामा सुरु हुँदै छ। २० टोली सहभागी प्रतियोगिता एक महिनासम्म चल्नेछ। पहिलो खेलमा नेदरल्यान्ड्सले टेस्ट राष्ट्र पाकिस्तानको सामना गर्दै छ। यो खेल श्रीलंकामा हुनेछ। भारतमा भने इडेन गार्डेन र वानखेडे रंगशालामा दुई खेल हुनेछन्। प्रतियोगिताको दोस्रो दिन आइतबार नेपालले दुईपटकको च्याम्पियन इंग्ल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ।

» पृष्ठ २ मा क्रमशः



■ बंगलादेश प्रतियोगिताबाट ‘आउट’, पाकिस्तानले पनि भारतविरुद्ध नखेल्ने

बंगलादेश र भारतबिचको भूराजनीतिक विवादका कारण विश्वकप सुरुमै विवादमा पऱ्यो। बंगलादेशले आफ्ना खेलाडी मुस्तफिजुर रहमानलाई आइपिएलमा नखेलाएको रिस विश्वकपसम्म पुऱ्याएको भारतको आरोप छ। बंगलादेशले आफ्ना खेलाडी र समर्थकको सुरक्षाको कारण देखाउँदै भारतमा नखेल्ने निर्णय गऱ्यो। उसले पाकिस्तानले भर्खै सबै खेल श्रीलंकामा भए मात्रै आफूले खेल्ने अडान लियो। आयोजक आइसिसीले सुरक्षा व्यवस्थामा कुनै कमजोरी हुन नदिने र भारतमा खेल्न जानुपर्ने बतायो। बंगलादेशले त्यसलाई अस्वीकार गरेपछि आइसिसीले उसको स्थानमा स्कटल्यान्डलाई अवसर दिएको छ। यही कारण देखाएर पाकिस्तानले भारतविरुद्धको श्रीलंकामा तय भएको खेल नखेल्ने निर्णय लिएको छ। भारतले भने मैदानमा पुग्ने बताएको छ। यस्तो अवस्थामा भारतले ‘वाक ओभर’ पाउनेछ। सदाबहार प्रतिद्वन्द्वी मानिने भारत र पाकिस्तानबिचको यो खेल नभएको अवस्थामा आइसिसीलाई २५ करोड अमेरिकी डलर आर्थिक क्षति हुने अनुमान गरिएको छ।

■ कति हुन्छ पुरस्कार ?

आइसिसीले विश्वकपको पुरस्कार राशि सार्वजनिक गरेको छैन। गत वर्ष भारतले विश्वकप उचाल्दा २.४५ मिलियन डलर पाएको थियो। त्यस्तै, उपविजेता दक्षिण अफ्रिकाले १.२८ मिलियन डलर, सेमिफाइनलमा पुगेका इंग्ल्यान्ड र अफगानिस्तानले सात लाख ८७ हजार पाँच सय डलर पाएका थिए। त्यस्तै, सहभागी टिमले दुई लाख २५ हजार अमेरिकी डलर प्राप्त गरेका थिए।

झन् नयाँ

पुस्तान्तरणको संघर्षमा रैथाने सिप





हेर्दा भव्य र झिलिमिली देखिने उपत्यका भित्रभित्रै रैथाने सिप पुस्तान्तरणको अभावमा संघर्ष गरिरहेको छ

इतिहासको पहिलो लोकतन्त्रमा यसरी हुन्थ्यो चुनाव



इसापूर्व ५७४ मा ग्रिक नगर राज्यको एथेन्समा लोकतान्त्रिक निर्वाचनका लागि ६ हजार जनासम्म प्रतिनिधि सहभागी हुन्थे

डुमसँगै २५ वर्ष



१९७४ एडीका डुमर सञ्जय श्रेष्ठ

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अधिकारीलाई थुनामा पठाउने विशेषको आदेश सर्वोच्चबाट सदर



काठमाडौं/ नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का पूर्वमहानिर्देशक प्रदीप अधिकारीलाई पुर्पक्षका लागि थुनामा पठाउने विशेष अदालतको आदेश सर्वोच्च अदालतले सदर गरेको छ। विशेषको आदेशविरुद्ध अधिकारी सर्वोच्च गएकोमा शुक्रबार न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र शान्तिसिंह थापाको इजलासले विशेषको आदेश सदर गरेको हो।

नलिन्चोकको हेलिपोर्ट निर्माणसम्बन्धी भ्रष्टाचार मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अधिकारीलाई पक्राउ गरी मुद्दा चलाएको थियो। जसमा विशेषले गत २१ मंसिरमा उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो। हेलिपोर्ट निर्माणमा १३ करोड ५७ लाख ४६ हजार २१३ रुपैयाँ भ्रष्टाचार गरेको दाबी गर्दै आयोगले उनीविरुद्ध मुद्दा दायर गरेको थियो। सर्वोच्चको आदेशसँगै अब विशेष अदालतबाट मुद्दाको फैसला नहुँदासम्म उनी कारागारमै बस्नुपर्ने भएको छ। अधिकारी डिल्लीबजार कारागारमा छन्।

पोखरा विमानस्थलको भ्रष्टाचारमा पनि उनलाई प्रतिवादी बनाइएको छ। जसमा उनीसँग पाँच लाख रुपैयाँ धरौटी माग भएको छ। अधिकारीको सम्पत्तिलगायत अन्य भ्रष्टाचार प्रकरणमा पनि आयोगले छानबिन गरिरहेको छ।

भिजिट भिसामा रोकिएन एयरलाइन्सहरूको मनोमानी

नयाँ पत्रिका



सरकारले भिजिट भिसासम्बन्धी कार्यविधि सरल बनाए पनि एयरलाइन्स कम्पनीहरूको मनोमानी भने रोकिएको छैन। यात्रा शंकास्पद भन्दै एयरलाइन्सका कम्पनीले यात्रुहरूलाई बोर्डिङ पास नदिई फर्काउने गरेका छन्।

अध्यागमन विभागले लिखित रूपमा प्रस्ट कारण खुलाएर मात्र 'अफलोड' गर्न निर्देशन दिएको थियो। तर, एयरलाइन्स कम्पनीहरूले त्यस्तो निर्देशन मान्ने गरेका छैनन्। विनापत्र दैनिकजसो विमानस्थलमा यात्रुहरूलाई फर्काइने गरेको छ। भिजिट भिसाको सेटिङ चलाउनका लागि यसरी एयरलाइन्स कम्पनीले मनोमानी गरेको आशंका गरिएको छ।

अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारी अझै पनि एयरलाइन्स कम्पनीले विनाकारण यात्रुहरूलाई फर्काउने गरेको गुनासो आइरहेको बताउँछन्। 'कसैलाई बोर्डिङ पास नदिने हो भने प्रस्ट कारणसहित लिखित पत्र दिन भनेका छौं,' उनले भने, 'तर कतिपयलाई विनाकारण फर्काउने गरेको गुनासो आइरहेको छ।'

विभागले गत २६ कात्तिकमै खाडी देश र मलेसियामा उडान गर्ने आठ एयरलाइन्सका प्रतिनिधि बोलाएर अफलोड गर्नुपर्ने अवस्था आए लिखित रूपमा प्रस्ट कारण खुलाउन निर्देशन दिएको हो। विमानस्थलमा नेपाल एयरलाइन्सले सबै एयरलाइन्सको ग्राउन्ड ह्यान्डलिङ गर्दै आएको छ। विगतमा एयरलाइन्ससमेतको मिलेमतोमा भिजिट भिसामा विदेश जानेलाई असुली हुनेमा अध्यागमनले सरल कार्यविधि बनाएपछि धेरै हदसम्म रोकिएको छ। जसकारण कतिपयलाई विनाकारण फर्काउने गरेको आरोप लाग्ने गरेको छ।

गृह मन्त्रालयले गत १४ कात्तिकमा भिजिट भिसामा विदेश जानेसम्बन्धी कार्यविधि संशोधन गर्दै सरल बनाएको थियो। भिजिट भिसाका विकृति हटाउन भन्दै पासपोर्ट, भिसा र टिकटबाहेक अन्य कागजात नहेर्ने निर्णय गरेको थियो। त्यसयता अध्यागमनले भिजिट भिसामा विदेश जानेलाई प्रस्ट कारणविना रोक्न छाडेको छ। अध्यागमनको सेटिङ बन्द भएपछि एयरलाइन्स कम्पनीहरूले यात्रुलाई दुःख दिएर फेरि सेटिङ चलाउने प्रयास गरेको स्रोत बताउँछ।

यसअघि भिजिट भिसाको सेटिङ चलेको समयमा दुईतर्फी टिकट अनिवार्य थियो। भिजिट भिसामा रोजगारी खोज्न बाहिर जानेहरूको हकमा दुईतर्फी टिकटकै पैसा असुल्ने र उनीहरू विमानस्थलमा पुगेलगत्तै त्यो रद्द गरेर एयरलाइन्स र ट्राभल एजेन्सीले ठगी गर्दै आएका थिए। सेटिङ रोकिएपछि यो धन्दा पनि रोकिएको छ। जसकारण उनीहरू सेटिङ चलाउन बोर्डिङ पास नै रोक्न थालेको अध्यागमनका अधिकारीको आशंका छ।

विगतमा भएको भिजिट भिसाको सेटिङमा तत्कालीन अध्यागमन प्रमुख तीर्थराज भट्टराईलगायतमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरिसकेको छ। दोस्रो चरणमा तत्कालीन गृहमन्त्री रमेश लेखकलगायतमाथि आयोगले छानबिन गरिरहेको छ।

बाराको कोल्हवीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनाको संयुक्त गस्ती सुरु



नयाँ पत्रिका

आगामी निर्वाचनको सुरक्षालाई लक्षित गर्दै बाराको कोल्हवी क्षेत्रमा आजदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र सेनाको संयुक्त गस्ती सुरु गरिएको छ। नेपाल सरकारको निर्णयअनुसार निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा निकायहरूले आवश्यक जनशक्ति परिचालन गरेका हुन्।

संयुक्त गस्तीमा नेपाली सेनाका मेजर बेगम चन्द, सशस्त्र प्रहरी बल विपत् व्यवस्थापन गण निजगढका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक सन्दीप अर्याल तथा इलाका प्रहरी कार्यालय कोल्हवीका प्रमुख प्रहरी निरीक्षक रञ्जन मिश्रको नेतृत्व रहेको छ। प्रहरीका अनुसार कोल्हवी नगरका मुख्य सडक, चोक-चोक तथा संवेदनशील क्षेत्रहरूमा संयुक्त गस्ती सञ्चालन गरिएको छ। विभिन्न स्थानमा सुरक्षा बेस स्थापना गरी पैदल तथा मोबाइल गस्ती तीव्र पारिएको छ। मतदान केन्द्र र मतगणनास्थलको सुरक्षालाई विशेष प्राथमिकतामा राख्दै सुरक्षा व्यवस्था थप कडा बनाइएको जनाइएको छ। निर्वाचन सुरक्षाका लागि तीन घेराको सुरक्षा व्यवस्था लागू गरिएको छ। पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र तेस्रो तथा अन्तिम घेरामा नेपाली सेना तैनाथ रहने व्यवस्था गरिएको छ। आवश्यक परेमा मात्र नेपाली सेनाले सक्रिय सुरक्षा भूमिका निर्वाह गर्ने सुरक्षा निकायले जनाएका छन्।

यसअघि मंसिर ८ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्वाचनलक्षित सुरक्षाका लागि नेपाली सेना परिचालन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। सो निर्णयलाई राष्ट्रपति रामचन्द्र पौडेलले स्वीकृति दिएपछि नेपाली सेनाको परिचालन सुरु गरिएको हो। सुरक्षा निकायहरूले निर्वाचन अवधिभर कुनै पनि किसिमका अवाञ्छित गतिविधि हुन नदिन उच्च सतर्कता अपनाइएको जनाउँदै सर्वसाधारणलाई ढुक्क भएर निर्वाचन प्रक्रियामा सहभागी हुन आग्रह गरेका छन्।

ठुलो आवाज निकाल्ने आठ मोटरसाइकल प्रहरीको नियन्त्रणमा

नयाँ पत्रिका

ठुलो आवाज निकाली ध्वनि प्रदूषण गराउने तथा स्वरूप परिवर्तन गर्ने आठवटा मोटरसाइकललाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ। काठमाडौं उपत्यकाको नेपालटार डाँडागाउँस्थित सडकखण्डमा गरिएको विशेष चेकिङको क्रममा आठवटा ठुलो आवाज निकाल्ने तथा स्वरूप परिवर्तन गर्ने मोटरसाइकललाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो।



तारकेश्वर क्षेत्रमा स्वरूप परिवर्तन गरी ठुलो आवाज निकाल्ने मोटरसाइकल चलाउने गरेको भन्ने स्थानीयको सूचनाको आधारमा तारकेश्वर नगरपालिका- ८ मा रहेको सम्बन्धित निकायमा दर्ता नगरी चलाएको टिटी ग्यारेजमा ट्राफिक प्रहरीले चेकजाँच गर्ने क्रममा आठवटा मोटरसाइकल नियन्त्रणमा लिइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए।

नियन्त्रणमा लिइएका मोटरसाइकललाई थप अनुसन्धान तथा कारबाहीका लागि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा राखिएको छ। ठुलो आवाज निकाली सवारीसाधन चलाउँदा ध्वनि प्रदूषण हुनुका साथै मानवीय स्वास्थ्यमा समेत नकारात्मक असर पर्ने भएकाले त्यस्ता सवारीसाधन नचलाउन ट्राफिक प्रहरीले आग्रह गरेको छ। नियन्त्रणमा लिइएका सवारीसाधनलाई यातायात व्यवस्था ऐन, २०४९ अनुसार कारबाही गरिने एसपी सुवेदीले जानकारी दिए।

बेहुली लिन...

पृष्ठ १ बाट क्रमशः

सय मिटर तल खेतमा खस्यो। अँध्यारो हुनै लाग्दा दुलही लिएर हिँडेको पवनदूत यातायातको सु.प.प्र. ०२-००१ ख १११९ नम्बरको बसमा क्षमताभन्दा अत्यधिक यात्रु थिए।

यता, आफन्त, नातेदार, छिमेकी नाच्दै, रमाइलो गर्दै जन्ती कुरेर बसेका थिए, तर जन्ती आइपुगेनन्। जन्तीबस दुर्घटनामा परेको खबरले जोशी परिवारमा सन्नाटा छायो। गाडीमा एउटै सिटमा बसेर जन्ती हिँडेका जोशी दाजुभाइको दुर्घटनामा परेर एकैसाथ निधन भयो। उनीहरूसँगै परिवारका सदस्य, आफन्त, इस्टमित्र गरी १३ जनाले ज्यान गुमाए। बेहुला-बेहुलीतर्फका ३५ जना घाइते भए।

दुर्घटनामा ज्यान गुमाउने १३ जनामध्ये बित्थडचिर- ७, लगुनासाका जोशी दाजुभाइसँगै केशवराज जोशी र अशोकराज जोशी पनि छन्। उनीहरू बाबु-छोरा हुन्। ४० वर्षीय केशवसँगै उनका एक मात्र छोरा १३ वर्षीय अशोक पनि कहिल्यै नफर्किने गरी अस्ताए।

दार्चुलाको शैल्यशिखर नगरपालिकामा कृषि प्राविधिक पदमा कार्यरत वसन्तराज जोशी भाइ माधवको बिहेका लागि अफिसबाट बिदा लिएर घर आएका थिए। वसन्त पनि अब शैल्यशिखर फर्किनेछैनन्। वसन्तराजका भिनाजु मोहनदेव भट्ट र उनका छोरा केशवराज भट्ट पनि जन्तीमा सहभागी थिए। बम्फाङकै जयपृथ्वी नगरपालिका- ७ बाट बिहेमा आएका बुबाछोराले पनि सँगै ज्यान गुमाए।

बेहुला परिवारका मात्रै होइन, दिदीलाई कर्मघर पुऱ्याउन हिँडेका १४ वर्षीय किशोर सुशील जोशीले पनि दुर्घटनामा ज्यान गुमाएका छन्। दुलहीलाई बिदा गरेर घर फर्किँदै गरेकी ४० वर्षीया पुष्पा अवस्थीको पनि ज्यान गएको छ। बसले दुई सय मिटर थप दूरी पार गरेर अगाडि बढ्न पाएको भए पुष्पाको ज्यान जोगिन्थ्यो, उनको घर नजिकै थियो।

बैतडीका डिएसपी दीपककुमार रायका अनुसार दुर्घटनाग्रस्त बसमा ४९ जना सवार रहेका थिए। चालकसँगको प्रारम्भिक बयान र बसमा रहेका यात्रुको अवस्था हेर्दा ओभरलोड भएका कारण घुम्तीमा ब्याक भएर दुर्घटना भएको हुन सक्ने डिएसपी रायले बताए। 'बसमा अत्यधिक यात्रु रहेको देखियो, उकालो घुम्तीमा ब्याक हुँदा तल खसेको देखिन्छ,' रायले भने, 'यसबारे थप अनुसन्धान भइरहेको छ।'

बसचालक भीमदत्त नगरपालिका- ७, हल्दुखालका वीरेन्द्र बुढालाई प्रहरीले नियन्त्रणमा लिएको छ। उकालो घुम्तीमा बस पछाडि सर्दै गएर नियन्त्रणबाहिर गएपछि चालकले हामफालेर ज्यान जोगाएको प्रत्यक्षदर्शीले बताए। दुर्घटनामा परी ६ जनाको घटनास्थलमै मृत्यु भएको थियो। पाँच सय मिटर टाढा रहेको कोटिला स्वास्थ्यचौकीमा पुऱ्याउँदा थप दुईजना र डडेल्धुरा अस्पताल लैजाँदै गर्दा थप पाँचजनाको ज्यान गएको बैतडी प्रहरीले जनाएको छ।

दुर्घटनामा घाइते २३ जनाको डडेल्धुरा अस्पताल, आठजनाको निसर्ग अस्पताल धनगढी र चारजनाको प्राथमिक स्वास्थ्य केन्द्र देउलेख बम्फाङमा उपचार भइरहेको छ।

खोड्पे-बम्फाङ सडकको ढोल्यामोडबाट पुर्चौंडी जोड्ने सडक एक दशकअघि निर्माण भएको थियो। विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (ड्रिलिप)बाट ढोल्यामोड-कोटिला-मल्लादेही हुँदै हाँटसम्म १९ किलोमिटर सडक निर्माण गरेको थियो। तर, मल्लादेही भएर लामो दूरी भएकाले कोटिलाबाट भिरको बाटो भएर हाँटसम्म जोडियो। जसले गर्दा दुई किलोमिटर बाटो छोटियो। तर, बङ्मोड जोखिमपूर्ण बन्यो, त्यही मोडबाट बिहीबार जन्ती बोकेको गाडी खस्यो। पुर्चौंडी नगरपालिकाले शुक्रबार शोक बिदासमेत दिएको थियो।

बस ब्याक भएर भिरमा हुत्तियो

प्रत्यक्षदर्शीका अनुसार उकालो घुम्तीमा बस अगाडि बढ्न नसकेर पछाडि आएको थियो। चालकले पिकअप बनाउँदै दुईपटक अघि बढाउने प्रयास गरेका थिए। तर, बस अगाडि नबढी पछाडि सर्दै आएर भिरमा हुत्तिन पुग्यो। बसबाट हामफालेर ज्यान जोगाउन सफल अमरराज जोशीका अनुसार पहिलो प्रयासमा चालकले बस उकालो घुम्तीमा चढाउन सकेनन्। ग्यालरीमा रहेको दुई-तीनजना यात्रुलाई उछिन्दै ढोकामा पुगेर हामफाले। अमर भुइँमा पछारिए भने गाडी भिरमा खस्यो। 'म ग्यालरीमा थिएँ, दोस्रो प्रयासमा पनि बस अगाडि नबढी पछाडि सर्न थालेपछि मलाई डर लाग्यो,' उनले भने, 'हतार-हतार ढोकामा पुगैं। बाहिर हाम्फालैं। म भुइँमा पछारिएँ, बस भिरमा खस्यो।' जोशीले आफूसँगै एक वृद्धले पनि ढोकाबाट हामफालेको बताए। सडकमा पछारिएका जोशीले हत्तपत्त उठेर स्थानीय प्रहरीचौकीमा फोन गरेका थिए। सँगै स्वास्थ्यचौकीमा पनि खबर गरेको उनले बताए। दुर्घटना भएको १० मिनेटमा पुरघाट प्रहरीचौकीबाट प्रहरीको टोली घटनास्थल आइपुगेको थियो।

दुर्घटनामा ज्यान गुमाउनेहरू

बम्फाङ बित्थडचिर गाउँपालिका- ७, लगुनासाका ४० वर्षीय केशवराज जोशी, १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय वसन्त जोशी, ४१ वर्षीय विष्णुदत्त जोशी, ४२ वर्षीय नरेन्द्रराज जोशी, १७ वर्षीय विसनदत्त जोशी, २७ वर्षीय दीपकराज जोशी, ४६ वर्षीय किसनदत्त जोशी रहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। त्यस्तै, बम्फाङ केदारस्यु गाउँपालिका- ७ का ६० वर्षीय मोहनदेव भट्ट र २६ वर्षीय केशवराज भट्टको पनि ज्यान गएको छ। दुर्घटनामा बम्फाङ जयपृथ्वी नगरपालिका- ७ का ४० वर्षीय वसन्तराज रतला तथा बैतडी पुर्चौंडी नगरपालिका- ७ की ४० वर्षीया पुष्पा अवस्थी र १५ वर्षीय सुशील जोशीको ज्यान गएको छ।

मृतकका परिवारलाई एक-एक लाख दिने प्रदेश सरकारको निर्णय

सुदूरपश्चिम सरकारले बैतडी बस दुर्घटनामा ज्यान गुमाएकाका परिवारलाई एक-एक लाख रुपैयाँ राहत दिने निर्णय गरेको छ। मन्त्रिपरिषद्को शुक्रबारको बैठकले बस दुर्घटनामा ज्यान गुमाएका मृतकका परिवारलाई मानवीय सहायतास्वरूप राहत दिने निर्णय गरेको हो। दुर्घटनामा घाइते भएकाको सरकारी अस्पतालमा गरेको उपचार खर्च व्यहोर्ने निर्णयसमेत भएको मुख्यमन्त्री कमलबहादुर शाहले बताए।

बैतडीको पुर्चौंडीबाट जन्ती बोकेर बम्फाङतर्फ गइरहेको बस बिहीबार राति पुर्चौंडी नगरपालिका- ७, बडगाउँमा दुर्घटना हुँदा १३ जनाको मृत्यु भएको थियो। दुर्घटनामा ३४ जना घाइते भएका छन्। २५ जनाको डडेलधुरा अस्पताल, पाँचजनाको धनगढीको निसर्ग अस्पताल र चारजनाको देउलेक स्वास्थ्य चौकीमा उपचार भइरहेको छ।

पाँच महिनामा...

पृष्ठ १ बाट क्रमशः

बुझेका छौं।' आयोगले २४ भदौमा प्रेस विज्ञप्ति निकालेर शान्तिसुरक्षाका नाममा व्यक्तिहत्या बन्द गर्न माग गर्दै छानबिन टोली गठन गरेको जानकारी दिएको थियो। सो दिनको आयोगको विज्ञप्तिमा भनिएको छ, 'नवपुस्ताबाट उठाइएका विमतिका स्वरहरूलाई सरकारले समयमै सम्बोधन गर्नुका सट्टा हल्का रूपमा लिई त्यस्ता स्वरहरूलाई दबाउन जिम्मेवार अधिकारीले अराजनीतिक अभिव्यक्ति दिने र सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गर्दै निर्दोष बालबालिका, युवाहरूको ज्यानै लिनेसम्मको कार्यलाई कुनै पनि अर्थमा स्वीकार गर्न सकिँदैन। यस प्रकारको घटनाले नेपालको संविधानले प्रदत्त गरेको मौलिक हक र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले सुनिश्चित गरेका मानव अधिकारको गम्भीर उल्लंघन हुन पुगेको आयोगको प्रारम्भिक अनुगमनबाट देखिएको छ।'

२३ भदौमा जेन-जी पुस्ताले भ्रष्टाचारविरुद्ध गरेको आन्दोलनमा दमन हुँदा १९ जनाको ज्यान गएको थियो। त्यसको विरोधमा भोलिपल्ट देशैभरि आन्दोलन भएपछि स्थिति सम्हाल्न नसकी तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका थिए। सेनाले उनलाई बालुवाटारस्थित प्रधानमन्त्री निवासबाट हेलिकोप्टरमा उद्धार गरेको थियो। त्यसपछि पूर्वप्रधान्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरी हाल देश मध्यावधि निर्वाचनतर्फ अघि बढेको छ।



सामाजिक सञ्जालको...

पृष्ठ १ बाट क्रमशः

गरी मिथ्या-भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्नेलगायतका निर्णय गरेको प्रवक्ता काफ्लेले जानकारी दिए। हिमाली क्षेत्रको मौसमको चुनौतीबारे पनि बैठकमा छलफल भएको एक सहभागीले बताए। जसमा वैकल्पिक मतदान केन्द्रको विषयमा तयारी गर्नसमेत निर्देशन दिइएको छ।

गृहमन्त्री अर्यालले आसन्न प्रतिनिधिसभा निर्वाचनमा सुरक्षा तयारीबारे ब्रिफिङ लिँदै जोखिम आकलन गरी सुरक्षा व्यवस्था चुस्त राख्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका थिए। विगतका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै निर्वाचन नजिकिँदै गर्दा आउन सक्ने थप सुरक्षा चुनौतीलाई चिर्न अवलम्बन गरिनुपर्ने रणनीतिबारे समेत मार्गदिशा तय गरेको प्रवक्ता काफ्लेले बताए।

गृह मन्त्रालय र रक्षा मन्त्रालयका सचिव, चारवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि रहने केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचनलाई लक्षित गरी कार्यान्वयनमा रहेको एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ बमोजिम जिम्मेवार निकायहरूले सम्पादन गरिरहेका कार्यहरू, जनशक्ति परिचालन तथा बन्दोबस्तीको योजनाबारे समीक्षा गरेको थियो। बैठकले निर्वाचनमा खटिएका सुरक्षाकर्मी र निर्वाचन प्रहरीको बिमा गर्ने निर्णय गरेको छ।

आजदेखि...

पृष्ठ १ बाट क्रमशः

नेपाल तेस्रोपटक विश्वकपमा सहभागी हुन लागेको हो। पहिलोपटक सन् २०१४ मा टी-२० विश्वकप खेलेको थियो। त्यसको १० वर्षपछि नेपालले दोस्रोपटक पछिल्लो सिजन खेलेको थियो। नेपाल र इंग्ल्यान्डबिचको खेल मुम्बईस्थित वानखेडे रंगशालामा नेपाली समयअनुसार दिउँसो ३:१५ बजे सुरु हुनेछ। भारतको चर्चित यो रंगशालामा नेपालले पहिलोपटक खेल्न लागेको हो। समूह 'सी'मा रहेको नेपालले आफ्ना चारवटै खेल नै यही मैदानमा खेल्नेछ।

नेपालले २९ माघमा दोस्रो खेलमा इटालीसँग प्रतिस्पर्धा गर्नेछ। इटाली पहिलोपटक विश्वकप खेल्दै छ। त्यसपछि २ फागुनमा पूर्वविजेता वेस्ट इन्डिज र ४ फागुनमा स्कटल्यान्डसँग भिड्ने तालिका छ।

आइसिसीले दोस्रोपटक सबैभन्दा धेरै २० टिम विश्वकपमा सहभागी गराएको छ। यसअघि सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा भएको प्रतियोगितामा पहिलोपटक २० टिमलाई सहभागी गराइएको थियो। त्यसअघि सन् २००७ देखि २०१२ सम्म १२ टिम र सन् २०१४ देखि २०२२ सम्म १४ टिमले विश्वकप खेल्ने गरेका थिए।

अहिले सहभागी टिमलाई चार समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहबाट दुई टिम सुपर-८ मा पुग्नेछन्। सुपर-८ मा पुग्ने आठ टिमले अर्को विश्वकपमा सिधै स्थान बनाउनेछन्।

यसपटक विश्वकपमा दुई-दुईपटकका च्याम्पियन इंग्ल्यान्ड, भारत र वेस्ट इन्डिज तथा समान एकपटक च्याम्पियन भएका अस्ट्रेलिया, पाकिस्तान र श्रीलंका सहभागी छन्। यस्तै, एकपटक उपविजेता भएका न्युजिल्यान्ड, दक्षिण अफ्रिकासँगै अफगानिस्तान, बंगलादेश, आयरल्यान्ड, अमेरिका, नेदरल्यान्ड्स, स्कटल्यान्ड, जिम्बावे, नामिबिया, ओमान, क्यानडा, युएई र नेपाल सहभागी छन्।

नेपालसँगै ओमान र युएई एसिया प्यासिफिकबाट विश्वकपमा छनोट भएका हुन्। नौ टिम सहभागी हुँदा २१ खेल भएका थिए। नेपालले समूह 'बी'मा कुवेतलाई ५८ रन तथा जापानलाई पाँच विकेटले हराउँदै समूह विजेता बनेर सुपर सिक्समा स्थान बनाएको थियो। सुपर सिक्सको शीर्ष तीन स्थानमा रहेका नेपालसँगै ओमान र युएई पनि विश्वकप छनोट भएका हुन्। कतार, जापान र सामोआसँगै पपुवा न्युगिनी, कुवेत र मलेसिया विश्वकपमा स्थान बनाउन सफल भएनन्।

नेपालका कप्तान रोहितकुमार पौडेलले पहिलोपटक विश्वकपको सुपर-८ मा पुग्ने योजना सुनाएका छन्। 'यसअघि दुवैपटक समूह चरण पार गर्न सकेनौं। यसपटक सुपर-८ मा पुग्ने योजना बनाएका छौं,' वानखेडे रंगशालाको बिसिसिआई भवनमा भएको पत्रकार सम्मेलनमा उनले भने, 'खेलाडीको आत्मविश्वास पनि छ। यसपटक टेस्ट राष्ट्रलाई हराउँदै नयाँ कीर्तिमान रच्छौं।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नाँयाँ
शनिबार २४ माघ ०८२
nayapatrikaofficial @nayapatrik

पुस्तान्तरणको संघर्षमा रैथाने सिप

हेर्दा भव्य र झिलिमिली देखिने उपत्यका भित्रभित्रै रैथाने सिप पुस्तान्तरणको अभावमा संघर्ष गरिरहेको छ

सिप



● पवन बराइली

काठमाडौं उपत्यका संस्कृति, परम्परा र सम्पदाले मात्रै सम्पन्न छैन, हजारौँ वर्षदेखि यहाँका रैथानेले विकास गरेका मौलिक सिप र कलाले पनि सम्पन्न छ। तर, ती सिपहरू आधुनिकताको बढ्दो प्रवेशसँगै संकटमा पर्दै गएको विज्ञले भनिरहेका छन्। ती सिपसँगै नेपालको अमूल्य संस्कृति धरापमा पर्दै जाने उनीहरूले चिन्ता व्यक्त गरेका छन्। आधुनिकताको अनुकरणसँगै ती रैथाने सिपहरू ओझेल पर्दै गएका छन्। हेर्दा भव्य र झिलिमिली देखिने उपत्यका भित्रभित्रै रैथाने सिप पुस्तान्तरणको अभावमा संघर्ष गरिरहेको छ।

प्रविधिले ओझेल पाऱ्यो हातले कोरेको चित्र

भक्तपुर थलाछेंका कृष्णराम चित्रकार ८४ वर्षका भए। उमेरले वृद्धावस्थामा पुऱ्याइसक्यो। तर, चित्र कोर्ने हात भने अझै काँपेका छैनन्। उनका हातले सात दशकभन्दा बढी समयदेखि चित्र कोर्दै आएका छन्। भक्तपुरमै जन्मिए-हुर्किएका कृष्णरामका लागि चित्रकला नयाँ पेसा होइन, पुख्यौंली पहिचान हो। 'मेरो बाजे पनि चित्र बनाउनुहुन्थ्यो, बुबाले पनि यही गर्नुभयो,' उनी सम्झन्छन्। एक्लो छोरा भएकाले बुबाको पेसा अँगाल्नु उनका लागि बाध्यता होइन, गर्व थियो। १३-१४ वर्षकै उमेरदेखि कुची समातेका चित्रकारले सानैदेखि लक्ष्मी, भगवती र नागपञ्चमीका चित्र बनाउन सिके।

कृष्णराम सुरुमा देवताका साना चित्र बनाउँथे। पछि घर-घरका भित्तामा चित्र कोर्न थाले। भक्तपुरका पोखरीवरपर उनका चित्र फैलिएका छन्। 'मैले देउताको मात्रै चित्र बनाउँछु,' उनी भन्छन्। उनी कुमारी, विष्णु, अष्टमात्रिकाका चित्रहरू बनाउँछन्। उनका चित्र स्थानीयले मात्र होइन, विदेशीले पनि रुचाए। अघिपछि भन्दा दसैं-तिहारमा उनको चित्र राम्रो बिक्री हुन्थ्यो।

पहिले चित्र बनाउन रङ पनि उनी आफैं तयार गर्थे। उनी ढुंगा पेलेर रङ निकाल्थे, छालाबाट 'सरेस' बनाउँथे। 'आजजस्तो बजारमा तयार रङ पाइँदैनथ्यो,' उनी भन्छन्। मिहिनेत धेरै थियो। उनका अनुसार पहिले चित्रकला केवल कला मात्र थिएन, उपचार, विश्वास र संस्कार पनि थियो। 'जनै खटिराजस्ता रोग लाग्दा शरीरमै चित्र कोर्ने चलन थियो। चित्र नलेखेसम्म निको हुँदैन भन्ने विश्वास थियो,' चित्रकार सम्झन्छन्। हजुरबुबा र बुबाले पनि यही सिपबाट जीविका चलाए।

तर, समय फेरिँदै गयो। प्रविधिको विकाससँगै कम्प्युटरबाट प्रिन्ट भएका चित्र बजारमा आए। 'प्रिन्ट गरेको चित्र राम्रो देखिन्छ,' उनी भन्छन्, 'तर, हातले लेखेको चित्र जिउँदो हुन्छ। त्यो मनबाट निस्किन्छ।' मेसिनबाट बनेको चित्रमा आत्मा नहुने उनको दाबी छ। तर, बजारले आत्माभन्दा चमक खोज्न थाल्यो। बजारको चमकधमकमा परम्परागत चित्रकला ओझेल पर्दै गयो।

प्रविधिको विकासले परम्परागत चित्रकलामा गहिरो असर पारेको उनको निष्कर्ष छ। पुस्तान्तरणको सवालमा कृष्णराम चिन्तित छन्। उनका चार छोरामध्ये अहिले एकजनाले मात्र चित्र बनाउँछन्। त्यो पनि नियमित होइन। नाति पुस्ताको चासो देखिँदैन। टोलका अन्य चित्रकारले पनि पेसा छोड्दै गएको उनी सुनाउँछन्। 'चित्र बनाएर मात्रै अब बस्न सकिँदैन,' उनी भन्छन्, 'हाम्रो पुख्यौंली पेसा ओझेल पर्दै गएको छ।'

कैंचीमा अडिएको पुख्यौंली पहिचान

भक्तपुर, थलाँछेमा निर्मल नापितको सैलुन छ। ऐनाअगाडि उभिएर ४५ वर्षे निर्मल नापितले आज पनि कपाल काट्छन्। उनको हातले केवल कैंची होइन, नेवारी समाजको एउटा हराउँदै गएको परम्परा पनि सम्हालिरहेको छ। निर्मलका लागि कपाल काट्नु नयाँ पेसा होइन। यो पुख्यौंली जिम्मेवारी हो। 'मेरो बाजेले पनि यही गर्नुभयो, बुबाले पनि, उनी भन्छन्, 'मैले पनि छोडिनँ।' नापित समुदाय पुस्तौंदेखि कपाल काट्ने काममा आबद्ध रहँदै आएको छ। कपाल काट्ने मात्र होइन, जडीबुटीको ज्ञानसमेत बोकेको यो समुदाय नेवारी समाजको संस्कारसँग गहिरो रूपमा गाँसिएको उनी सुनाउँछन्।

पहिले नेवारी समाजभित्र जजमानी प्रथाअनुसार कपाल काट्ने चलन थियो। 'वर्षभरि सेवा गरेबापत वार्षिक पारिश्रमिक छुट्याइन्थ्यो। कपाल काटेबापत नगद होइन, अन्न पाइन्थ्यो। धान, गहुँ, मकै, आलु–किसानले जे फलायो, त्यही पारिश्रमिक हुन्थ्यो,' उनी सम्झन्छन्। उनका अनुसार विवाह, व्रतबन्ध, गुफा, श्राद्धजस्ता संस्कारमा नापितलाई बोलाउनु सामाजिक नियमजस्तै थियो। यो सेवा मात्र होइन, सम्बन्धको निरन्तरता रहेको उनको बुझाइ छ। उनी भन्छन्, 'तर, त्यो संस्कार समयसँगै भत्कँदै गयो। नगदमा कारोबार हुन थालेपछि जजमानी प्रणाली हरायो। त्यससँगै नापित समुदायको परम्परागत पेसा पनि ओझेलमा पर्न थाल्यो।' अहिले भक्तपुरमा परम्परागत रूपमा कपाल काट्ने नापितको संख्या एकदमै कम हुँदै गएको उनी सुनाउँछन्। निर्मलको टोलमा पाँच घर नापित छन्। तर, अहिले यो पेसा अँगालेर बसेका उनी मात्र हुन्। समयसँगै उनले पनि आफूलाई बदलेका छन्। आधुनिक सैलुन खोलेर नयाँ तरिकाले काम गरिरहेका छन्। तर, उनीसँग अझै पुरानो सिपको छाप छ।

'म पछि यो पेसा कसले गर्छ, थाहा छैन,' उनी भन्छन्, 'छोराले यही पेसा रोज्ला भन्ने विश्वास छैन।' उनका अनुसार कपाल काट्नु पनि कला हो। तर, नयाँ पुस्तालाई यसमा जोड्न सकिएको छैन। सिपलाई आधुनिकसँग जोड्न नसक्दा पेसा अर्कातिर गएको उनको ठहर छ। 'हामीले छोड्यौं, बाहिरकाले समाते,' उनी भन्छन्, 'आज भारतीय कामदारदेखि अन्य समुदायका युवासम्म कपाल काट्ने पेसामा छन्। हाम्रा चाहिँ काम नपाएर भौंतारिरहेका छन्।' परम्परागत नापित सिप कमजोर बन्दै गएकोमा उनको दुखेसो छ। आधुनिक बजार, प्रविधि र प्रतिस्पर्धाले परम्परागत नापित पेसालाई झन् दबाबमा पारेको उनी बताउँछन्।

रङ हराउँदा रञ्जितकारको पहिचान पनि हरायो

कुनै वेला भक्तपुरको थलाँछे रङ उत्पादनको केन्द्र मानिन्थ्यो। ओखरको बोक्रा, जडीबुटी, ढुंगा र माटो प्रयोग गरेर कपडा र कागज रंग्याउने रञ्जितकार समुदायको सिप सांस्कृतिक अर्थतन्त्रसँग गाँसिएको थियो। भक्तपुरका पुराना गल्लीमा रङ लगाएको सुतीको धागो सुकाइन्थ्यो। सुकाइएका धागोमा रातो, निलो, हरियो र पहेँलो रङले त्यहाँको गल्ली पनि रंगीबिरंगी देखिन्थे। ती रङ मात्र थिएनन्, नेवारी समाजको सांस्कृतिक पहिचान पनि थिए। रङसँगै हराउँदै छ, रञ्जितकार समुदायको पुस्तौंदेखिको सिप र पहिचान।

४६ वर्षे मुकुन्द रञ्जितकार भक्तपुरमै जन्मिए-हुर्किएका हुन्। उनको बाल्यकाल रङकै गन्धसँग जोडिएको छ। 'सानैदेखि घरमै रङ बनाउँदै आएको देखेँ, उनी भन्छन्, 'हजुरबुबा, हजुरआमा, बुबा-आमाले त्यही काम गर्नुहुन्थ्यो।' उनका अनुसार रङ बनाउने र धागो रंग्याउने काम रञ्जितकार समुदायको पुस्तौंदेखि गर्दै आएको पेसा थियो।

'पहिले बनाएको रङ सुती धागोमा प्रयोग हुन्थ्यो। स्वदेशमा मात्र होइन, विदेशसम्म धागो र कपडा पठाइन्थ्यो। त्यतिवेला घरमै बसेर काम हुन्थ्यो, आम्दानी पनि राम्रै थियो,' उनी भन्छन्, 'एक मुठा धागोमा चारपाँचवटा रङ निकाल्ने सिप थियो। यो केवल काम होइन, कला पनि थियो।'

उनका अनुसार बाजेका पालामा ओखरको बोक्रा कुटेर, माटोको भाँडामा भिजाएर प्राकृतिक रङ बनाइन्थ्यो। 'ती रङले कपडामा छुट्टै जीवन भर्थ्यो। ब्रिस्तारै बजारबाट तयारी रङ किनेर ल्याउने चलन आयो,' उनी भन्छन्, 'काम घट्दै गयो। भारत र चीनबाट तयारी रङ र धागो आयात कपडासँगै रङ बनाउने सिप पनि ओझेलमा पऱ्यो।'

आज मुकुन्द र सुरज दुवै परम्परागत रङ बनाउने कामबाट टाढा छन्। घर चलाउन अन्य काम गरेर गुजारा चलाइरहेका छन्। बजार, संरक्षण र पुस्तान्तरणको अभावमा सिप संकटमा पर्दै गएकोमा उनीहरू चिन्तित छन्।

> रैथाने सिपहरू पारिवारिक रुपमा मात्रै हस्तान्तरण हुँदै आएका छन्। औपचारिक शिक्षा प्रणालीसँग नजोडिँदा नयाँ पुस्तामा आकर्षण घट्दै गएको छ। विद्यालय तहदेखि नै परम्परागत सिपबारे ज्ञान दिन सकिएको भए पुस्तान्तरण सहज हुन्थ्यो। सिपलाई सम्मानजनक रोजगारीका रूपमा स्थापित गर्न सकेनौं।

मूर्ति बनाउन माटो किन्नुपर्ने

भक्तपुरको ठिमीमा जन्मिएका गणेशराम प्रजापति सानैदेखि माटोसँगै हुर्किए। माटोका भाँडा बनाउने पेसा उनले निरन्तरता दिँदै आएका छन्। तर, प्लास्टिक र सिमेन्टका गमलाले माटोका गमलालाई विस्थापित गरेपछि बजार खुम्चिँदै गएको उनको अनुभव छ। 'अहिले यो पेसाले खानलाउन मात्रै पुग्छ,' उनी भन्छन्, 'पहिलेजस्तो आम्दानी हुँदैन।'

गणेशराम आज पनि पुरानै विधिबाट भाँडा बनाउँछन्। पराल र छवाली पोलेर, खरानीले छापेर भाँडा तयार पार्ने चलन उनले छाडेका छैनन्। आधुनिक भट्टीमा काठ बालेर पोल्ने प्रविधि बढे पनि उनी चार दिनसम्म खरानीले पुरेर भाँडा पकाउँछन्। यसरी बनेका भाँडा अझ बलिया हुने उनी बताउँछन्। तर, दुःख यतिमै सीमित छैन। 'पहिले सित्तैमा पाइने माटो अहिले महँगोमा किन्नुपर्छ,' उनी भन्छन्। यही कारणले नयाँ पुस्ता यो पेसातर्फ आकर्षित नहुने उनको ठम्याइ छ।

यस्तै कथा भक्तपुर दरबार क्षेत्रका सहदेव प्रजापतिको पनि छ। पाँच दाजुभाइमध्ये कान्छा उनी मात्रै भाँडा बनाउने पेसामा टिकिरहेका छन्। 'अरू दाजुभाइले बिस्तारै छोडे,' उनी भन्छन्, 'तर मलाई अरू पेसा गर्न मन लागेन। बुबाको पेसालाई साथ दिइरहेको छु।'

आधुनिकताको मारमा पाटनका मूर्तिकार

पाटनको महाबौद्धमा पुख्यौंली पेसा अँगाल्दै आएका मूर्तिकार हुन्, रवि शाक्य। नेवारी धातुकलाको साक्षी मानिन्छ शाक्य समुदाय, जसको एउटा प्रतिनिधि हुन् उनी। 'हामी लिच्छविकालदेखि नै मूर्तिको कालिगढ हौं,' उनी भन्छन्, 'हामी पहिलेदेखि धातुकलामा लाग्दै आएका हौं। शिल्पकलाका सबै काम हाम्रो समुदायले गर्दै आएको छ।'

पुख्यौंली पेसा मात्र नभएर कलाप्रतिको रुचिले नै आफू मूर्तिकार बनेको बताउँछन् शाक्य। 'पुर्खा नै मूर्तिकार भएपछि यही काममा लागें। सानैदेखि मूर्ति बनाउँदै हुर्किएँ। तर, समय फेरिएको छ। आधुनिकीकरणले मूर्तिकारको काम सजिलो बनाइदिएको छ, उनी भन्छन्, 'आधुनिक प्रविधिले काम सहज बनाएको छ। तर, पुरानो शैली, पुरानो पद्धति हराउँदै गएको छ। मौलिक प्रक्रिया नै मेटिँदै जान थालेको छ, यही मेरो चिन्ता हो।'

शाक्यका अनुसार परम्परागत मूर्ति निर्माण प्रक्रिया केवल सिप होइन, इतिहास हो। 'पुरानो पद्धतिले बनाएको मूर्तिले इतिहास बोकेको हुन्छ। आधुनिक पद्धतिले बनाउनु भनेको इतिहास मेटाउनुजस्तै हो,' उनले भने।

मौलिक पद्धति जोगाउन शाक्यले नयाँ पुस्तालाई परम्परागत तरिकाले मूर्ति बनाउन सिकाइरहेका छन्। बजार अभाव, कच्चा पदार्थ र नयाँ पुस्ताको चासो नहुँदा पुख्यौंली सिप क्रमशः हराउने जोखिम देख्छन् उनी। संरक्षण र सम्मानविना यी सिप इतिहासका पानामा सीमित हुने उनको अनुमान छ। 'मैले पनि स्कुल पढ्दै सिकेको हुँ। हाम्रो समुदायका महिला पनि मूर्ति बनाउन उत्तिकै निपूण हुन्छन्। तर, मेरो पुस्तापछि यो सिपले निरन्तरता पाउने सम्भावना कम हुँदै गएको छ।'

संकटमा तोरी मिल

काठमाडौंको ल्याकुसानिवासी श्यामरत्न मानन्धरको पुखौंली पेसा तोरीको तेल बनाउने हो। उनका अनुसार उपत्यकामा करिब २५० वर्षअघिदेखि तोरीको तेल उत्पादन मानन्धर समुदायले गर्थे। 'मल्लकालीन समय मै काठमाडौंमा तोरी मिल स्थापना भएको थियो। मानन्धर समुदायले कुमारी जात्रा सुरु भएदेखि नै कुमारी घर र तलेजु भवानी मन्दिरसँग आबद्ध तोरी पेल्ने काम गर्दै आएको थियो। काठमाडौंकै पहिलो तोरी मिल यही हो,' उनी भन्छन् 'पहिले तोरी पेलेर प्रत्येक महिना एक पाथी तेल तलेजु मन्दिरमा चढाउने चलन थियो।'

तर, समयसँगै परम्परागत काठको चेपुवाबाट तोरी पेल्ने विधि हराउँदै गएको छ। तोरी भुटेर पेल्ने पुरानो प्रविधिलाई आधुनिक मेसिनले विस्थापित गरिसकेको छ। 'चेपुवाबाट पेलेको तेलको स्वादै फरक हुन्थ्यो, गुणस्तर पनि बेग्लै हुन्थ्यो,' मानन्धर भन्छन् 'तर जनशक्ति धेरै चाहिने र आधुनिक प्रविधि भित्रिएपछि त्यो परम्परा जोगाउन सकिएन।' २०७२ को भूकम्पपछि काठमाडौंको तोरी मिल सञ्चालनमा आउन सकेको छैन।

तोरी खेतीको अवस्था पनि उस्तै छ। पहिले काठमाडौं उपत्यकामै फलेका तोरी प्रयोग हुने गरेकोमा अहिले स्वदेशी तोरी पाउनै कठिन भएको मानन्धरको भनाइ छ। 'नेपालको तोरीको स्वाद अर्कै हुन्थ्यो। अहिले विदेशबाट आएको तोरी प्रयोग गर्नुपरेको छ,' उनी भन्छन्।

ललितपुरको खोकना तोरीको तेलका लागि परिचित ठाउँ हो। 'दुई-दुई सय वर्षअघिदेखि खोकनामा तोरीको तेल उत्पादन हुँदै आएको छ,' खोकनाका स्थानीय नन्दराम डंगोल भन्छन्,'हजुरबुबादेखि सुरु भएको यो पेसालाई जोगाउँदै आएको छु।' आधुनिक मेसिन आए पनि उनले पुरानो प्रविधिलाई निरन्तरता दिइरहेका छन्। डंगोल विगत २७ वर्षदेखि यही पेसामा संलग्न छन्। उनका अनुसार पहिले खोकनामा तोरी खेती पनि व्यापक हुन्थ्यो। तर, अहिले तोरीखेती हराउँदै गएको छ। 'अहिले तोरी भारतबाट समेत ल्याउनुपरेको छ,' उनी भन्छन्।

संग्रहालयमा मात्र सीमित

संस्कृतविद् प्राडा सोमप्रसाद खतिवडाका अनुसार हिजो नेवारी समुदायमा वर्ग र समुदायअनुसार फरक-फरक पेसा व्यवस्थित रूपमा बाँडिएका थिए। '०४६ सालअघिसम्म उपत्यकामा कपाल काट्ने, कपडा सिलाउनेजस्ता काम पनि नेवारी समुदायले नै गर्थे। त्यतिवेला उपत्यकामा बाहिरका मानिसको प्रवेश न्यून थियो। पछि बाहिरबाट आएका समुदायले आफ्नै सिप लिएर आएपछि परम्परागत नेवारी सिप ओझेलमा पर्न थाले,' उनी भन्छन्, 'बाहिरबाट आएका पेसागत समुदायले नयाँ सिप र व्यवसाय भित्र्याउँदा प्रतिस्पर्धा बढ्यो, जसको असर नेवारी समुदायका परम्परागत पेसामा पर्न गयो।' उनको अनुभवमा काठमाडौं उपत्यकामा पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका परम्परागत केही रैथाने सिप हराइसके।

सम्पदा अभियन्ता गणपतिलाल श्रेष्ठका अनुसार नेवारी रैथाने सिप केवल आर्थिक क्रियाकलाप होइनन्, ती सामाजिक संरचना र सांस्कृतिक अभ्यासँग गाँसिएका छन्। तर, राज्यले तिनलाई सिप होइन, पुरानो पेसाका रूपमा मात्र हेर्दा समस्या आएको छ। 'नेवारी रैथाने सिपहरू पारिवारिक रुपमा मात्रै हस्तान्तरण हुँदै आएका छन्। औपचारिक शिक्षा प्रणालीसँग नजोडिँदा नयाँ पुस्तामा आकर्षण घट्दै गएको छ,'उनी भन्छन्,'विद्यालय तहदेखि नै परम्परागत सिपबारे ज्ञान दिन सकिएको भए पुस्तान्तरण सहज हुन्थ्यो। सिपलाई सम्मानजनक रोजगारीका रूपमा स्थापित गर्न सकेनौं। यही नै सबैभन्दा ठुलो असफलता हो।'

परम्परागत सिप संरक्षणका नाममा तालिम, गोष्ठी र प्रदर्शनी हुन्छन्, तर दीर्घकालीन बजार र जीविकोपार्जन सुनिश्चित हुन सकेको छैन। सम्पदाविद् रवीन्द्र पुरी यसलाई नीतिगत कमजोरीसँग जोडेर हेर्छन्। 'हामी संस्कृतिको कुरा धेरै गर्छौं, तर संस्कृति बाँच्ने आधार अर्थतन्त्रलाई बेवास्ता गर्छौं,' उनी भन्छन्, 'सिप बाँच्नका लागि त्यसबाट सम्मानजनक आम्दानी हुनुपर्छ। हाम्रा रैथाने सिप संग्रहालयमा मात्र सीमित छन्।' पुरीका अनुसार नेवारी सिपलाई पर्यटन, सहर र स्थानीय अर्थतन्त्रसँग जोड्न धसकिने सम्भावना अझै बाँकी छ। भक्तपुर, पाटनजस्ता सहरलाई जीवित सांस्कृतिक सहर बनाउने हो भने त्यहाँका रैथाने सिपलाई केन्द्रमा राख्नुपर्ने पुरीको मत छ।



कालभैरवको चित्र बनाउँदै भक्तपुरका कलाकार कृष्णराम चित्रकार



धातुको मूर्ति बनाउँदै ललितपुरका मूर्तिकार रवि शाक्य



माटोको भाँडा बनाउँदै भक्तपुर ठिमीका गणेशराम प्रजापति

कपाल काट्दै भक्तपुर थलाँछेका निर्मल नापित



संस्कृतविद् प्राडा सोमप्रसाद खतिवडा भन्छन्-

माटोको भाँडा बनाउने, कपडा रंग्याउने, काठ कुँद्ने, तामा-पित्तलका मूर्ति बनाउने, चित्रकला, कपाल काट्नेजस्ता सिप केवल पेसा मात्र होइनन्, नेवारी समाजको सांस्कृतिक र पहिचान पनि हुन्। संरक्षण र पुस्तान्तरणमा ध्यान नदिने हो भने ती पनि इतिहासका पानामा सीमित हुने खतरा छ। नेवारी समुदायका रैथाने सिप केवल सिप होइनन्, ती उपत्यकाको संस्कृति, इतिहास र पहिचान हुन्।

सांघाईबाट नेपाल नियाल्दा...

सांघाईमा बिताइरहेको यो समय केवल अध्ययनको अनुभव मात्र होइन, जीवनलाई नयाँ दृष्टिले हेर्ने सिकाइ पनि भइरहेको छ।



अनुभव



• यशोदा चौलागाईं

चीनको सांघाई सहरलाई आज नजिकबाट नियाल्दा लाग्छ, कहिलेकाहीं जीवनले हामीलाई कल्पनाभन्दा धेरै टाढा ल्याइपुऱ्याउँछ। सांघाईमा बिताइरहेको समयसँगै मेरो सोच, बुझाइ र जीवनप्रतिको दृष्टिकोण पनि बिस्तारै फराकिलो हुँदै गएको छ। किताब, समाचार र सामाजिक सञ्जालमा देखिने सांघाई र यहाँ प्रत्यक्ष अनुभूत हुने सांघाईबिच गहिरो भिन्नता रहेछ। यहाँ आएपछि मात्र थाहा भयो, यो सहर केवल अग्ला भवन र चम्किला सडकको नाम मात्र होइन, यो अनुशासन, प्रविधि र निरन्तर परिश्रमको प्रतिफल पनि हो।

सांघाई आइपुगेका सुरुवाती दिनमा सबै कुरा अपरिचितझैं लागे। भाषा, संस्कृति, मानिसको बोलिचाली, जीवनशैली, सबै नयाँ। कहिलेकाहीं मन अत्तालियो पनि। पहिलोपटक घर-परिवारबाट टाढा बस्नुपरेकाले एक्लोपनको डर, परिवार र साथीभाइबाट टाढिँदा हुने भावनात्मक पीडा अनि भविष्यप्रतिको आशा, यी सबै भावनाले एकसाथ अचेटेका थिए। तर, समयसँगै ती भावना डरबाट अनुभव र अनुभवबाट आत्मविश्वासमा बदलिँदै गएका छन्।

विश्वप्रसिद्ध सांघाई जिओ टोङ विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पाउनु मेरा लागि गर्वको विषय हो। विश्वविद्यालयको वातावरण, शैक्षिक अनुशासन र संरचना हेर्दा यहाँको शिक्षा प्रणालीप्रति गहिरो सम्मान जाग्छ। यहाँ शिक्षक कक्षा सुरु हुनुअगावै उपस्थित भएर विद्यार्थीलाई पर्खिरहेका हुन्छन्। हामी क्याम्पसमा शिक्षक कहिले आउलान् भनेर कुर्ने संस्कृतिमा हुर्केका विद्यार्थीका लागि यो अनुभव साँच्चै फरक र प्रेरणादायी छ। पेसागत इमानदारी, समयपालन र जिम्मेवारी कस्तो हुनुपर्छ भन्ने कुरा यहाँ आएपछि बुझ्दै छु।

> सांघाईलाई नजिकबाट नियाल्दा यो केवल एउटा सहर मात्र होइन, आधुनिक चीनको प्रतीक पनि हो जस्तो लाग्छ। प्रविधि, विकास र अर्थतन्त्रको केन्द्र मानिने यो सहर किताबमा पढेकोभन्दा धेरै अगाडि छ। यो विकास कुनै सपना होइन, दैनिक जीवनमा प्रत्यक्ष अनुभूत हुने यथार्थ हो। चीनले पछिल्ला दशकमा गरेको तीव्र आर्थिक प्रगति सांघाईले स्पष्ट देखाइदिएको छ।

सांघाईलाई नजिकबाट नियाल्दा यो केवल एउटा सहर मात्र होइन, आधुनिक चीनको प्रतीक पनि हो जस्तो लाग्छ। प्रविधि, विकास र अर्थतन्त्रको केन्द्र मानिने यो सहर किताबमा पढेकोभन्दा धेरै अगाडि छ। यो विकास कुनै सपना होइन, दैनिक जीवनमा प्रत्यक्ष अनुभूत हुने यथार्थ हो। चीनले पछिल्ला दशकमा गरेको तीव्र आर्थिक प्रगति सांघाईले स्पष्ट देखाइदिएको छ।

यहाँ शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, पर्यटनदेखि हरेक क्षेत्र प्रविधिसँग जोडिएका छन्। विश्वविद्यालय यति विशाल रहेछन् कि हाम्रो सानो नगरपालिका सजिलै अटाउन सक्ने! सवारीसाधनविना त्यहाँका विभिन्न संकायका भवनमा पुग्न थुप्रै घन्टा लाग्ने रहेछ। त्यसैले, विश्वविद्यालय परिसरभित्रै गाडी चल्छन्, त्यो पनि निःशुल्क। सार्वजनिक स्थान अत्यन्त सफा, व्यवस्थित र योजनाबद्ध छन्, जहाँ हरेक संरचना मानिसको सहजता, सुरक्षा र पहुँचलाई ध्यानमा राखेर बनाइएका देखिन्छन्। फरक क्षमता भएका व्यक्ति, बालबालिका र वृद्धवृद्धा सबैका लागि उत्तिकै पहुँच हुने गरी संवेदनशील भएर बनाइएका छन्।

सांघाईलाई अझै चिन्नै बाँकी छ। तर, घुमेका थोरै स्थानबाटै यस सहरको सुसम्पन्नता र विविधताको गहिराइ अनुमान लगाउँदै छु। 'द बन्ड' सांघाईको सबैभन्दा ऐतिहासिक र चर्चित क्षेत्रमध्ये एक रहेछ। एकातिर औपनिवेशिक कालका पुराना भवन, अर्कातिर आधुनिक गगनचुम्बी संरचना, यी दुई युगको संगमले सांघाईको पहिचान झल्काएको छ। विशेषगरी, साँझपख, जब नदीकिनारका अग्ला भवन रंगीन बत्तीले ताराहरूझैं चमचममाउँछन्, पूरै क्षेत्र जादुमय दृश्यमा परिणत हुन्छ।

चीनको सबैभन्दा अग्लो भवन सांघाई टावर, आधुनिक चीनको आत्मविश्वासको प्रतीक मानिँदो रहेछ। ११८ तलाको अवलोकन डेकबाट सहरको ३६० डिग्री दृश्य अवलोकन गर्न सकिन्छ भन्छन्। अहिलेसम्म त्यहाँ पुग्ने अवसर भने जुरेको छैन, तर भविष्यमा त्यो अनुभव लिने र त्यसलाई शब्दमा उतार्ने चाहना मनभित्र सुरक्षित छ।

पूर्वाधारको कुरा गर्दा हरेक व्यक्तिले प्रयोग गर्ने सडक निकै लोभलाग्दा छन्, चाहिनेजति फराकिला, व्यवस्थित अनि सहज पनि। चारपांग्रे र दुईपांग्रेका लागि छुट्टाछुट्टै लेन, सडकपिच्छे जेब्रा क्रसिङ र ट्राफिक लाइट छन्। यी देख्दा सामान्य तर नागरिकको जीवन रक्षा गर्ने अति संवेदनशील विषय हुन्। यहाँको अर्को महत्त्वपूर्ण पक्ष भनेको सार्वजनिक यातायात प्रणाली हो। मेट्रो प्रणाली अत्यन्त विकसित, सुरक्षित र प्रयोगमैत्री छ। उच्च गतिको रेल नेटवर्कले चीनका प्रमुख सहरलाई जोडेको छ, जसले यात्रालाई छिटो र आरामदायी पनि बनाएको छ।

यहाँ भाषा नजान्दा समस्या अवश्य हुन्छ, त्यो म आफैंले भोगिरहेकी छु। तर, प्रविधिले धेरै कठिनाइ घटाइदिएको छ। मोबाइल फोन र डिजिटल भुक्तानी प्रणाली यहाँको जीवनका अभिन्न पक्ष हुन्। यहाँ भाषा नजानेर भन्दा पनि राम्रो मोबाइल फोन नहुँदा समस्या पर्ने रहेछ।

सांघाईको विकास हेर्दै गर्दा कहिलेकाहीं गर्व र आत्ममन्थन दुवै हुन्छ। यहाँ बस्दै गर्दा मैले कामप्रतिको इमानदारी, समयको मूल्य, अनुशासन र सामूहिक जिम्मेवारी कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा महसुस गरिरहेकी छु। सांघाईमा बिताइरहेको यो समय केवल अध्ययनको अनुभव मात्र होइन, जीवनलाई नयाँ दृष्टिले हेर्ने सिकाइ पनि भइरहेको छ।

यहाँको विकास हेर्दा म लट्ठ मात्र परेकी छैनँ, मनभरि प्रश्न पनि उब्जिएका छन्। यसकै एक छेउमा सिमाना गाँसिएको मेरो देश किन विकास हुन सकेन भन्ने कुराले पिरोल्ने रहेछ। यहाँ मैले सबै मानिसले काम मात्र गरेको देखेँ। बोल्ने भनेको त नबोली नहुने विषयमा मात्र पो रहेछ। होइन, कसरी बस्न सकेका होलान् नबोली? हामी त गफ सक्किएपछि बल्ल काम गर्न बस्थ्यौं। हाम्रो समय त बोलेरै पो बर्बाद भएको रहेछ। यो महसुस हुँदा कुरा गरेरै घन्टौं बिताउने हाम्रो 'संस्कृति' सम्झेर झनै दिक्क लाग्छ। खोइ कहिले सुध्रिएला हाम्रो बानी! झन् अहिले त नेपाल निर्वाचनमय बनेको छ। उम्मेदवार गाउँ-गाउँ गएर के-के बोल्दै होलान्?

(चौलागाईं चीनको संघाईस्थित सांघाई जिओ टोङ विश्वविद्यालयमा मिडिया र सञ्चार विषय लिएर स्नातकोत्तर तह अध्ययनरत छिन्।)



इतिहास



• डंकन हाबिट-मार्सल

अन्य धेरै कुराजस्तै मतदान र लोकतन्त्रमा पनि प्राचीन विश्वको ठुलो देन छ। उसो त आदिम समाजमा पनि शासक(राजा वा नेता) मतदानमार्फत छान्ने गरेको मानवशास्त्रीहरू बताउँछन्। तथापि, ऐतिहासिक प्रमाणका आधार भने मतदान तथा लोकतान्त्रिक परम्पराको सबैभन्दा पुरानो अभ्यास प्राचिन ग्रिकका नगर राज्यमा भेटिन्छ।

ग्रिक नगर राज्यमध्ये सबैभन्दा परिचित एथेन्समा इसापूर्व ५७४ मा सोलनले एक नयाँ संविधान जारी गर्दै समाजका उपल्लो वर्गबाहिर पारिएका समूहलाई पनि राज्यमा सहभागी गराए। पछि क्लाइस्थिनीजले चुनावी व्यवस्थामा सुधार गर्दै मताधिकार थप विस्तार गरे। पाँचौं शताब्दी इसापूर्वसम्म पुग्दा एथेन्सका अधिकाश पुरुषहरूलाई मत हाल्न पाउन सक्ने भइसकेका थिए। राज्य युद्धमा संलग्न हुने वा नहुनेदेखि सैन्य जनरलको नियुक्ति र खतरनाक हुन सक्ने व्यक्तिलाई राज्यबाट निर्वासित गर्नेदेखि विषयसम्म चुनावबाट निर्णय गरिन थाल्यो। अर्थात् ग्रिक लोकतन्त्रको स्वर्णयुगमा एथेन्स नगरराज्यभित्र हरेक महत्त्वपूर्ण निर्णय मतदानबाट टुंगो लाग्ने अभ्यास बसेको थियो।

एथेनियन लोकतन्त्रको जन्म र विकास

तत्कालीन समयमा एथेन्स नगर राज्यमा अभ्यास गरिने लोकतन्त्रलाई 'डेमोक्रेटिया' भनिन्थ्यो, जसको शाब्दिक अर्थ 'जनताको शासन' भन्ने हुन्छ। आज लोकतन्त्रका लागि प्रयोग गरिने अंग्रेजी शब्द 'डेमोक्रेसी' यही ग्रिक शब्द 'डेमोक्रेटिया'बाटै आएको हो। तथापि ग्रिकमा जे अभ्यास भयो, त्यो लोकतन्त्रको प्रत्यक्ष मोडल थियो, जुन आजको प्रतिनिधिमुलक लोकतन्त्रभन्दा केही फरक छ। प्रत्यक्ष लोकतन्त्रमा नागरिकहरूको सार्वजनिक जीवनमा सक्रिय सहभागिता हुने गर्छ।

प्राचिन ग्रिकको लोकतन्त्र पनि लामो संघर्ष, विद्रोहको प्रतिफल थियो। २,५०० वर्षभन्दा अघि सोलनको सुधार अघि भने ग्रिक नगर-राज्यमा शासन राजा महाराजा वा स्रोतमाथि पहुच भएका कुलीनहरूको मात्र विशेषाधिकार मानिन्थ्यो। शासनमा आम सर्वसाधरण नागरिकको सहभागिता वर्जित भएको असन्तुष्टि चुलिदै गएको थियो। भूमि स्वामित्व र सम्पत्तिको असमानता वितरणले समाजमा विभेद निक्कै चुलिएको थियो। ऋणको भारका कारण दासत्वमा धकेलिन मानिसको संख्या दिनानुदिन बढिरहेको सन्दर्भमा विद्रोह उठ्न पुग्यो। समाज विखन्डनको संघारमा गएपछि सोलोनले सुधारहरू अघि सारेका थिए।

सोलनको सुधारले धनी गरिबबिचको गहिरो असमानता, त्यसले निम्त्याएको असन्तुष्टि र विद्रोहको विषयलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने प्रयास गरेको थियो। उनले ऋण खारेजी गर्दै आर्थिक कारणले दासत्वमा धकेलिएका एथेन्सवासीहरूलाई मुक्त गरे। सोलोनले समाजमा व्याप्त असमानताका विभिन्न तहलाई सम्बोधन गर्न धनसम्पत्तिमा आधारित चार-वर्ग प्रणाली पनि निर्माण गरे। आजको दृष्टिकोणमा यो व्यवस्था पनि असमान नै थियो। तर यस वर्गीकरणबाट त्यतिबेला अभिजात वर्गले मात्र अभ्यास गर्ने राजनीतिक र प्रशासनिक भूमिकामा अन्य वर्गका मानिसको प्रवेश सुनिश्चित गरिएको थियो। यी परिवर्तनले एथेन्सको सामाजिक संरचनालाई स्थिर बन्न सघायो। राज्यको दैनिक सञ्चालनमा व्यापक नागरिक सहभागिताको आधार तयार पार्यो। यिनै महत्त्वपूर्ण सुधारका प्रतिपातक भएका नाताले इसापूर्व चौथो शताब्दीका दार्शनिक एरिस्टोटलले सोलनलाई 'आमनागरिकको पहिलो नायक'का रुपमा वर्णन गरिएका छन्।

सोलनले सुरु गरेको सुधारलाई क्लाइस्थिनीजले थप सबल बनाए। इसापूर्व ५७० देखि इसापूर्व ५०८ बिच बाँचेकालाई क्लाईस्थिनीजलाई केहीले एथेनियन लोकतन्त्रका वास्तविक वास्तुकार पनि भन्ने गर्छन्। उनले जीवनको उत्तरार्द्ध अर्थात् इसा पूर्व ५०८ मा गरेका सुधारहरूले सहरको राजनीतिक परिदृश्यलाई नै रूपान्तरण गऱ्यो। कुलीन परिवारहरूको शक्तिलाई सीमित गर्न उनले समाजलाई 'डेम्स' भनिने दश सामुदायिक समूहमा विभाजित गरे। यस परिवर्तनले एथेन्सवासीको राजनीतिक पहिचान वर्गको सट्टा बसोवास गर्ने क्षेत्रको आधारमा गऱ्यो।

यस क्रान्तिकारी कदमले विगतमा सत्तामाथि पकड राख्ने केही सीमित शक्तिशाली परिवारहरूको प्रभावलाई उलेख्य कमजोर बनायो। शासनको आधार वंशानुगतबाट क्षेत्रीय प्रतिनिधित्वमा सऱ्यो। क्लाइस्थिनीजका गठन गरेका दस सामुदायिक प्रणालीको अर्को उदेश्य पनि थियो, कुनै एकल गुटलाई सरकारमाथि हावी हुनबाट रोक्नु। योसँगै एथेन्सको शासन सिमित परिवारबाट वास्तविक रूपमा वृहत्तर मानिसको शासनमा बदलियो।

सोलन र क्लिस्थेनिसका सुधारहरूले अभूतपूर्व नागरिक सहभागिताको ढोका खोल्यो। प्रत्यक्ष लोकतन्त्रको मोडेल सिर्जना गऱ्यो। तत्कालीन अवस्थाको प्रत्यक्ष लोकतन्त्रमा निर्वाचित प्रतिनिधि होइन, स्वयं जनता नै राज्यका महत्त्वपूर्णमा सहभागी हुन थाले। प्रत्यक्ष लोकतन्त्रको यस मोडेलमा चुनाव प्रतिनिधि छान्न नभई निर्णय गर्नलगायतमा केन्द्रित थियो।

प्रत्यक्ष लोकतन्त्रमा मतदानको अभ्यास

एथेनियन लोकतन्त्रको केन्द्र थियो, 'एक्लेसिया' वा आजको बुझिने भाषामा भन्दा नागरिक सभा। क्लिस्थेनिसको सुधारपछि एक्लेसिया शासनको मुख्य आधार बनेको थियो। यसले प्रत्यक्ष सहभागिताको सिद्धान्तलाई मूर्त रूप दियो। नगरराज्यका सबै वयस्क पुरुष नागरिक यस नागरिक सभामा अनिवार्य उपस्थित हुनुपर्थ्यो। कुनै समय सभामा ६,००० सम्म सहभागि हुन्थे। त्यति धेरै मानिस अट्ने गरी एक्रोपोलिसको पश्चिमतर्फको विशाल खुला क्षेत्र 'नीक्स हिल'मा सभा बस्ने व्यवस्था गरिएको थियो। त्यस वर्षमा लगभग ४० पटक नागरिक सभाको बैठक बस्थ्यो।

सभामा एथेन्सका नागरिकहरूले राज्यलाई प्रत्यक्ष रूपमा असर

साप्ताहिक राशिफल

२४ माघ (शनिबार)
१ फागुन (शुक्रबार)



• सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साता रमाइलो र उत्साहपूर्ण रहनेछ। सामाजिक तथा पारिवारिक सम्बन्ध सुदृढ हुनेछ। कुटुम्ब र आफन्तसँग सुमधुर सम्बन्ध कायम हुनेछ। आर्थिक पक्ष सबल रहनुका साथै अड्किएका समस्या समाधान हुनेछन्। महत्त्वपूर्ण स्थानमा बोली बिक्ने योग छ। किनमेलका लागि समयअनुकूल छ। सानो प्रयत्नले ठुला काम बन्ने समय छ। मनपर्ने वस्त्र वा सरसामान उपहार पाइएला।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको सुरुवात हाँसखेल र मनोरञ्जनमा बित्नेछ। लामो समयदेखिका असन्तुष्टि समाप्त हुनेछन्। अधुरा काम पूरा हुन थाल्नेछन्। स्वास्थ्यमा क्रमिक सुधार देखिनेछ। आध्यात्मिक र सामाजिक कार्यमा सक्रियता बढ्नेछ। वादविवादमा विजयप्राप्त हुनेछ। आयमूलक काम तथा सेयरबजारमा सोचेजस्तै सफलता मिल्ने योग छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सुरुमा सामाजिक तथा सांस्कृतिक कार्यक्रममा संलग्न हुनुपर्नेछ। विशेष ज्ञानको उदय हुन सक्छ। कामप्रति लगनशीलता बढ्नेछ। पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ लिन सकिनेछ। बुधबार गरेका काममा अवरोध आउने सम्भावना छ। घरायसी प्रयोजनका विषयमा खर्चवृद्धि र तनाव हुन सक्छ। बिहीबार र शुक्रबार भने काममा बाधा होला, व्यवसायबाट घाटा हुने योग देखिन्छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

जोखिमयुक्त कार्यबाट टाढा रहनु बुद्धिमानी हुनेछ। सामाजिक क्षेत्रमा मान-सम्मानप्राप्ति हुने सम्भावना छ, तर आफ्नै क्रियाकलापले असर पार्न सक्छ। वाचा पूरा गर्न संघर्ष गर्नुपर्नेछ। मातापिताको आशीर्वादले काममा सफलता दिलाउनेछ। पारिवारिक धार्मिक भ्रमणको योग रहेको छ। अरूका काममा जुट्नुपरे पनि फाइदा आर्फैलाई हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

धर्म, दर्शन र अध्यात्मतर्फ मन आकर्षित हुनेछ। लामो दूरीको यात्राका लागि समयअनुकूल छ। दाम्पत्य जीवन, प्रेमसम्बन्ध र पारिवारिक वातावरणमा सुधार आउनेछ। आत्मविश्वास बढ्नेछ। मातापिता तथा अभिभावकबाट महत्त्वपूर्ण सल्लाह प्राप्त हुनेछ। परिवारसित धार्मिक यात्राको शुभ योग छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा समय मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो यात्रा गर्ने अवसर आउनेछ। शैक्षिक क्षेत्रबाट सोचेअनुसार सफलता मिल्नेछ। नयाँ कामको जिम्मेवारी मिल्नेछ। सामाजिक काममा मन जाला। धार्मिक यात्राको योग रहेको छ। अचानक मन हर्षित हुने समाचार मिल्नेछ, परोपकारी काममा खट्नुपर्नेछ। स्वास्थ्य सबल हुनेछ, भाग्यबल बढ्नेछ, रोकिएका काम पुनः बन्न थाल्नेछन्।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

धार्मिक तथा सामाजिक कार्यमा महत्त्वपूर्ण भूमिका रहनेछ। लामो दूरीको यात्रामा निस्कन वा यातायातको साधन किन्न अनुकूल समय रहेको छ। दाजुभाइ र दिदीबहिनीले दिएको सुझाबलाई पालना गर्दा लाभ हुन सक्छ। बन्द-व्यापारबाट फाइदा हुनेछ। साताको अन्त्यमा सानातिना घरायसी समस्या देखिए पनि तिनले दैनिकीमा खास फरक पार्ने स्थिति छैन।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको सुरुवात शुभग्रहको प्रभावमा रहनेछ। लामो समयदेखि अड्किएका काम पुनः सुरु हुने समय रहेको छ। स्वास्थ्यमा सामान्य समस्या देखिए पनि काममा असर पर्नेछैन। मन प्रफुल्ल रहनेछ। नयाँ सम्बन्ध स्थापित हुने योग छ। खानपान, घुमघाम र भेटघाटको समय हो। सामाजिक काममा मन जाला। धार्मिक यात्राको योग रहेको छ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

बौद्धिक र चिन्तनमूलक क्रियाकलापमा दिन बित्नेछ, घरपरिवार र सन्ततिबाट सहयोग मिल्नेछ। ज्ञानगुनका क्षेत्रमा मन आकर्षित भए पनि बुधबारबाट प्रतिकूल समय सुरु हुने भएकाले खर्च बढ्न सक्छ। रिसको कारणले आर्थिक समस्याले संकट उत्पन्न गर्न सक्छ। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। साताको अन्त्यमा कीर्तिमानी काम गर्ने मौका मिल्नेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा सानातिना घरायसी समस्यामा दौडधुप गर्नुपर्ने भएकाले सुरुमा खिन्नता बढ्न सक्छ। गरेको प्रयासबाट सार्थक फल प्राप्त हुनेछ। ज्ञानगुन र दार्शनिक विषयमा आकर्षित भइनेछ, कल्पना र भावुकतालाई व्यवहारमा उतार्न आजको दिन अनुकूल हुनेछ। डुबेको धन अप्रत्याशित ढंगले फिर्ता आउन सक्छ। साताको अन्त्यमा रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

काममा सोचेजस्तै सफलता मिल्नेछ। सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ। प्रतिस्पर्धामा फाइदा उठाउने समय रहेको छ। बुधबार र बिहीबार भने निर्णय गलत ठाउँमा पर्नाले फाइदा अर्कैले लिन सक्नेछन्। कर्मयोगका थप बाटा अवश्य खुल्नेछन्। नयाँ जिम्मेवारीका साथ कामको थालनी हुनेछ। सामाजिक र परोपकारका क्षेत्र केही समय व्यतीत हुन सक्छ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सामाजिक काममा दौडधुप हुन सक्छ र धार्मिक-सामाजिक क्षेत्रबाट सम्मानित हुने अवसर पाइनेछ। व्यावसायिक क्षेत्रबाट राम्रै लाभ प्राप्त हुनेछ। आम्दानीका नयाँ-नयाँ मार्ग पत्ता लाग्नेछन्। पारिवारिक सुख मिल्नेछ। मातापिता वा अभिभावकवर्गबाट आवश्यक सहयोग प्राप्त हुनेछ। स्वास्थ्यअनुकूल रहनेछ। चाहनाबमोजिम कार्य सम्पन्न गर्न सकिनेछ।

स्वास्थ्य



• विजय सापकोटा
योग प्रशिक्षक, सम्बोधी योग केन्द्र

स्वस्थ र तन्दुरुस्त रहनका लागि गरिने शारीरिक व्यायाम हो, योग। पछिल्लो समय व्यस्त जीवनशैलीले निम्त्याएका समस्या समाधानमा योग प्रभावकारी बन्दै गएको छ। योगले शारीरिक तथा मानसिक रूपमा ऊर्जावान् बनाउँछ। मानिसको आत्मविश्वास तथा रोगप्रतिरोधी क्षमता बढाउन सहयोग पुऱ्याउँछ। आफ्नो काममा ध्यान केन्द्रित गर्न र जीवन व्यवस्थित गर्न सहयोग गर्छ। साथै यसले मानिसको व्यक्तित्व विकासमा प्रभावकारी भूमिका खेल्छ। जाडो मौसममा बाहिर मर्निङ वाक निस्कन वा जिम सेन्टर जान पनि धेरैलाई अफ्ठ्यारो भइरहेको हुन्छ। सबैरै बाहिर निस्कँदा उल्टै चिसोले असर गर्न सक्छ। घरमै योग गर्न सक्नुहुन्छ।



इतिहासको पहिलो लोकतन्त्रमा

यसरी हुन्थ्यो चुनाव

इसापूर्व ५७४ मा ग्रिक नगरराज्यको एथेन्समा लोकतान्त्रिक निर्वाचनका लागि ६ हजार जनासम्म प्रतिनिधि सहभागी हुन्थे



ग्रिसको राजधानी एथेन्समा रहेको पहाडको ढिस्को, जहाँ एथेन्सका प्रतिनिधिहरू जम्मा भई लोकतन्त्रको अभ्यास गर्थे । तस्बिर : एजेन्सी

गर्ने मुद्दामा आफ्नो विचार राख्न सक्थे । आधुनिक प्रणालीमा जनताले निश्चित संख्यामा निर्वाचित प्रतिनिधिहरू चुनेर पठाउने संसद्मा जस्तो बहस र मतदान हुन्छ, त्यही काम एथेनियन लोकतन्त्रमा नागरिक स्वयं उपस्थित भएर गर्थे । सैन्य अभियान सञ्चालन गर्नेदेखि सार्वजनिक खर्चको सिमा तोक्नेसम्म, कुन राज्यसँग गठबन्धन गर्नेदेखि कानुन निर्माणसम्मका विषयहरू ती बैठकमा छलफल हुन्थे । सभाले गर्ने प्रत्येक निर्णय बहुमतको मतले निर्धारण गरिन्थ्यो । मतदान विधिका रूपमा सहभागीहरू हात उठाउनेदेखि सहमत असहमतहरूको संख्या देखाउन दुईवटा ठुला माटोको ग्याम्पोमा ढुंगा वा फुटेका भाडाका टुक्रा हाल्ने गरिन्थ्यो ।

एक्लेसियालाई सघाउन र नगरराज्यको दैनिक प्रशासनको काम गर्न 'बोउले' नामक एक ५०० सदस्यीय परिषद् गठन गरिएको थियो । यो एकप्रकारको नगरराज्यको प्रशासनिक निकायजस्तो थियो । परिषद्को क्षेत्राधिकारमा नगर सभामा छलफल गरिने एजेन्डा तय गर्नेदेखि वित्त व्यवस्थापन गर्ने र नागरिक कर्तव्यहरूको निरीक्षण गर्नेसम्मका विषय पर्थ्यो ।

त्यस परिषद्मा अभिजात वर्गको प्रभुत्व नहोस् भनेर प्रतिनिधि चयनमा चिट्ठाप्रथा लागू गरिएको थियो । चिट्ठामार्फत परिषद्का ५०० सदस्य चुनिएपछि तिनलाई ५० जनाको समूहमा विभाजित गरिरे प्रत्येकलाई दश सामुदायिक एकाइमध्ये एकको प्रतिनिधित्व गर्ने जिम्मेबारी दिइन्थ्यो । तिनले चक्रिय रुपमा बोउलेको नेतृत्व गर्थे । यो व्यवस्था एथेन्सभरि समान प्रतिनिधित्व सुनिश्चित गर्न बनाइएको थियो ।

एथेन्सको लोकतन्त्रलाई गतिशील बनाउन एक्लेसिया र बोउलेलगायत अन्य धेरै प्रमुख पद पनि सिर्जना गरिएको थियो । प्रत्येक वर्ष सभाले दसजना 'रणनीतिज्ञ(स्ट्राटिगो)' वा जनरल चुन्थे । प्रत्येक डेमबाट एकजना गरेर चुनिने दस सैन्य जनरल तिनको सैन्य कौशलको आधारमा मतदानबाट चयन गरिन्थे । 'आर्कन'(प्रमुख मजिस्ट्रेट)' प्रशासनिक अधिकारीहरूको अर्को समूह थियो, जो पनि चिट्ठाबाट चुनिन्थे । आर्कनहरू नगरका न्यायिक काममा जोड दिने भए पनि उनीहरू उस्तै पर्दा प्रशासनिक काममा पनि तानिन्थे । हरेक वर्ष नौजना आर्कन छानिन्थे र प्रत्येकलाई विशिष्ट जिम्मेवारी दिइन्थ्यो ।

> एथेनियन लोकतन्त्र नागरिक सहभागितामा गर्व गर्थे । तर, यसको अँध्यारो पाटो भने त्यतिखेर 'नागरिक' हुन पाउने मापदण्ड एकदम साँघुरा थिए । एथेन्समा 'नागरिक' हुने अधिकार राज्यका पुरुषलाई मात्र सीमित गरिएको थियो । अझ सो पुरुषका आमाबाबु दुवै एथेन्सका नागरिक हुनुपर्थ्यो । महिला, विदेशी र राज्यमा विशाल संख्यामा रहेका दासदासी नागरिक हुने अधिकारबाट वञ्चित थिए ।

एथेन्समा लोकतान्त्रिक प्रक्रियामा भाग लिनु नागरिक कर्तव्य थियो । अर्थात् शासकीय प्रक्रियाको बहसमा समेत सहभागी नहुनेहरूलाई आमरूपमा गैरजिम्मेबार मानिसको रूपमा हेरिन्थ्यो । सामाजिक रूपमा कलंकको हदसम्म व्यवहार गरिने डर र केही अवस्थामा जरिवानासमेत तोकिएकाले हरेक नागरिक शासन प्रक्रियामा सक्रिय सहभागी हुन्थे ।

कमजोर पक्ष

एथेनियन लोकतन्त्र नागरिक सहभागितामा गर्व गर्थ्यो । तर, यसको अध्यारो पाटो भने त्यतिखेर 'नागरिक' हुन पाउने मापदण्ड एकदम साँघुरा थिए । एथेन्समा 'नागरिक' हुने अधिकार राज्यका पुरुषलाई मात्र सीमित गरिएको थियो । अझ सो पुरुषका आमाबाबु दुवै एथेन्सका नागरिक हुनुपर्थ्यो । महिला, विदेशी र राज्यमा विशाल संख्यामा रहेका दासदासी नागरिक हुने अधिकारबाट वञ्चित थिए । यसले विभिन्न सुधारको प्रयासका बाबजुद एथेन्सको समाजभित्र निहित गहिरो सामाजिक पदानुक्रमलाई प्रतिबिम्बित गर्दछ ।

प्रत्यक्ष निर्वाचनको अभ्यासका धेरै राम्रा पक्षका बाबजुद भिड चिन्तन भने सधैं रहिरहन्थ्यो । यसमा प्रभावोत्तेजक भाषण दिएर 'डेमोगाग' नेताहरू भिडको मानसिकता बदल्ने क्षमता राख्थे । भावनात्मक भाषणवाजी गरेर सभाका बहुसंख्यकलाई प्रभावित पार्नसक्ने क्षमताका कारण तर्कसंगत बहस र दीर्घकालीन योजनाविरुद्ध मत परेको देखिन्छ । भिडबाट बहकिएर गरिएको गलत निर्णयमा सबैभन्दा कुख्यात उदारण सोर्केट्सको मुद्दालाई मान्न सकिन्छ, जहाँ बहुमत नगरवासीले उनलाई मृत्युदण्ड दिने पक्षमा मत दिएका थिए ।

विभिन्न कमजोरीका बाबजुद एथेन्समा भएको पहिलो प्रमाणित ऐतिहासिक लोकतान्त्रिक प्रयोगले पछिसम्म राजनीतिक विचारमा स्थायी छाप छोड्यो । पछि अमेरिकी स्वतन्त्र संग्रामपछि अमेरिकाले राज्य प्रमुख र प्रतिनिधि चुन्ने अभ्यास गर्दा ग्रिसेली अभ्यासको पनि अध्ययन गरिएको बताइन्छ । तथापि, दुर्भाग्यवश अमेरिकी चुनावी अभ्यास पनि ग्रिकमा जस्तै महिला, आदिवासी र अश्वेतहरूलाई बहिष्करण नै गरियो । अश्वेत दासदासी अन्त्य र तिनलाई मताधिकार दिने विषय चर्किंदा सो देश विभाजित नै भयो । लामो संघर्ष र आन्दोलनले पछि अश्वेत तथा महिलाहरूले पनि मताधिकार पाए ।

यसका कमजोरीका बाबजुद, एथेनियन लोकतन्त्रले नागरिक सहभागिता, सार्वजनिक बहस र जवाफदेहिताजस्ता आधारभूत सिद्धान्त स्थापित गऱ्यो जुन आज पनि प्रतिध्वनित भइरहेको छ ।

*(लेखक सामुद्रिक पुरातत्त्वविद्, भूमध्यसागरीय प्राइतिहास अन्वेषक तथा टापु पुरातत्त्वविद् हुन् । उनको लेखलाई 'ग्रिस आइएस' म्यागेजिनबाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन् ।)*

ड्रमसँगै २५ वर्ष

'१९७४ एडीमा ड्रम बजाउन थालेको अढाई दशक बितेछ । यो यात्रा मेरा लागि सधैं आनन्ददायी रह्यो ।



संगीत

● **सञ्जय श्रेष्ठ,** ड्रमर तथा संगीतकार

करिब १०-१२ वर्षको उमेरदेखि नै सांगीतिक माहोलमा हुर्किएँ । घरनजिकैको एकजना दाइ ब्यान्डमा गिटार बजाउँदै हिँड्नुहुन्थ्यो । उहाँले गिटार बोकेर हिँडेको देख्दा मलाई पनि गिटार बजाउने इच्छा जाग्थ्यो । म आमासँग चर्च जान्थें । चर्चमा पनि सांगीतिक माहोल हुन्थ्यो । मैले सेन्ट जेभियर्स स्कुलमा पढें । स्कुलमै गिटार बजाउन सिकें । त्यसवेला वेस्टर्न म्युजिक सुनेर हुर्किने माहोल थियो ।

शिक्षकले स्कुलमै पनि मलाई बजाउन प्रोत्साहन गर्नुहुन्थ्यो । यसरी संगीतप्रतिको लगाव क्रमशः बढ्दै गयो । त्यतिवेला अहिलेजस्तो संगीत सिक्ने सुविधा थिएन । रेडियो र क्यासेट नै मुख्य माध्यम थियो । घरमा रेडियो मात्रै सुन्थ्यौं । त्यसरी नै संगीत सुनेर हुर्किएँ । स्कुलमा गिटार बजाउन सक्नेको प्रतिष्ठा बढ्थ्यो, सबै झुम्मिन्थे । तर, समाजले भन्थ्यो, 'म्युजिकमा लागेर के हुन्छ ? म्युजिकमा लाग्दा बिग्रिन्छ ।' अहिलेजस्तो संगीतलाई करिअर बनाउने माहोल थिएन । संगीतमा लाग्नु भनेको जिन्दगी खेर फाल्नुजस्तै मानिन्थ्यो । तर, आमाले सधैं साथ दिनुभयो । जागिर नै खानुपर्छ भन्ने दबाब दिनुभएन । आमाको सहयोगविना म यहाँसम्म आइपुग्दिनथें, होला ।

ब्यान्ड यात्रा

सेन्ट जेभियर्सबाट १९९५ मा एसएलसी दिएँ । त्यतिवेला १९७४ एडी ब्यान्ड स्थापना भइसकेको थियो । स्कुलमा म संगीतमा सक्रिय थिएँ । एड्रियन प्रधान दाइले सेन्ट जेभियर्समा म्युजिक पढाउनुहुन्थ्यो । म १० कक्षा पढ्दा स्कुलमा म्युजिक फेस्टिभल हुन्थ्यो, जहाँ विभिन्न स्कुलका विद्यार्थी सहभागी हुन्थे । त्यहीवेला एड्रियन दाइसँग सामान्य चिनजान भयो ।

एसएलसिपछि मैले 'सृष्टि' ब्यान्ड सुरु गरें । यो इन्स्ट्रुमेन्टल ब्यान्ड थियो । त्यो सेन्ट जेभियर्सकै दुईजना साथीसँग मिलेर बनाएको थिएँ । छोटो समयमै ब्यान्ड चर्चित भयो । ब्यान्डले एल्बम पनि निकाल्यो । त्यो वेला पप म्युजिकको माहोल थियो, नवीन के भट्टराई, भीम तुलाधरहरूको समय थियो । तर, इन्स्ट्रुमेन्टल ब्यान्ड भएकाले हामी अलि फरक देखियौं ।

ब्याचलर पढ्दै गर्दा म सृष्टि ब्यान्डमै थिएँ । यही क्रममा अमेरिका टुर गर्ने अवसर पनि पाएँ । फर्किएपछि ब्यान्डलाई निरन्तरता दिन खोज्यौं, तर एकजना साथी अमेरिका नै बस्ने भएपछि ब्यान्ड अघि बढ्न सकेन । सृष्टिको यात्रा त्यही टुंगियो ।

पढाइ पूरा गरें । त्यही समयमा १९७४ एडीको 'सम्झी बसुँ' एल्बम बजारमा आएको थियो । १९७४ एडी ब्यान्डको अलग्गै क्रेज थियो । त्यसवेला हिट्स एफएम म्युजिक अवार्डमा निराकार याक्थुम्बा दाइसँग भेट भयो । उहाँले मलाई कन्सर्टका लागि जोडिन आग्रह गर्नुभयो । त्यसवेला सोल्टी होटेलमा १९७४ एडीले कन्सर्ट गर्दै रहेछ । मलाई पनि कन्सर्टमा ड्रमरको रूपमा सहभागी हुन बोलाउनुभयो । त्यसवेलादेखि म १९७४ एडी ब्यान्डमा ड्रमरको रूपमा जोडिएँ ।

दुःख-सुखको साथी संगीत

१९७४ एडीमा ड्रम बजाउन थालेको २५ वर्ष बितिसकेको छ । यो यात्रा मेरा लागि सधैं आनन्ददायी रह्यो । सन् २००८ मा फिरोज स्याङ्देन अमेरिका जानुभयो । एड्रिन प्रधान दाइ एक्लै गर्छु भनेर लाग्नुभयो । त्यतिवेला म पनि द्विविधामा परें । ड्रमरको रूपमा के गर्ने होला ? कठिन समय आएको थियो । तर, जित्दै अघि बढ्यौं । जति गाह्रो भए पनि अघि बढ्यौं । पछि फेरि सबैजना एकठाउँमा आयौं । यात्राचाहिँ गरिरहनुपर्ने रहेछ ।

ब्यान्डले दुःखको समय पनि व्यहोरियो । यद्यपि, यात्रा अझै जारी छ । जीवन भनेको बग्ने खोलाजस्तै रहेछ । कहिले ढुंगाबाट बग्नुपर्ने रहेछ, कहिले समथर ठाउँबाट बग्नुपर्ने रहेछ । मैले ब्यान्ड र जीवनलाई यसरी तुलना गर्छु ।

> म्युजिक र मेरो जीवनबिच घनिष्ट सम्बन्ध भयो । मैले संगीत छोडिनँ, संगीतले पनि मलाई छोडेन । संगीतले संसार घुमायो, धेरै अनुभव सिकायो । दुःख-सुखमा साथ दिने संगीत नै रहेछ । यसले मेरो बुझ्काइको आयतन फराकिलो बनायो ।

यो २५ वर्षे यात्राले धेरै कुरा सिकायो । सुरुवातमा संगीतको भोक थियो । गिटार बजाएँ । आफ्नो ब्यान्ड स्थापना गरें । ड्रमर भएर स्थापित भएँ । तर संगीतकर्मी बनेर चर्चित हुन्छु भनेर कहिल्यै सोचिनँ । प्लान गरेर संगीतमा आएको पनि होइन । कर्म गर्दै आएँ । म्युजिक र मेरो जीवनबिच घनिष्ट सम्बन्ध भयो । मैले संगीत छोडिनँ, संगीतले पनि मलाई छोडेन । संगीतले संसार घुमायो, धेरै अनुभव सिकायो । दुःख-सुखमा साथ दिने संगीत नै रहेछ । यसले मेरो बुझाइको आयतन फराकिलो बनायो ।

ड्रम बजाउन उत्साह, ऊर्जा र कला आवश्यक हुन्छ । दुवै हात र दुवै खुट्टा एकसाथ चाल्नुपर्छ । साथमा दिमागको एकाग्रता अनिवार्य हुन्छ । मैले संसारको यात्रा गर्न थालें । संगीतको माहोल देखें । जीवनको छोटो यात्रामा म्युजिकले धेरै कुरा सिकायो भन्ने लाग्यो । धेरै अनुभव गर्न पाएँ । हातखुट्टा चल्ने वेलासम्म म्युजिक छोड्दिनँ ।

संगीतकर्मीको नजरबाट सम्झिँदा हाम्रो समय निकै कठिन थियो । म्युजिकमा निकै संघर्ष गर्नुपर्थ्यो । ९० को दशकमा नेपालमा कन्सर्ट गर्न पनि गाह्रो थियो । वाद्यवादन राम्रो पाइँदैनथ्यो । मान्छेहरू पैसा तिरेर हेर्न आउँदैनथे । माहोल जुटाउन कठिन थियो । ड्रमसेटलाई ढ्यांग्रो र झ्याम्टा भन्थे ।

अहिले प्रविधिले साथ दिएको छ । सांगीतिक माहोल पनि बनेको छ । साउन्ड इन्जिनियरहरू धेरै छन् । मान्छेहरूले म्युजिकलाई बुझेका छन् । दर्शकमा पनि म्युजिकलाई पैसा तिरेर हेर्नुपर्छ भन्ने सोचको विकास भएको छ । समाज पनि म्युजिकमा लाग्नेलाई सम्मान गर्छन् ।

नयाँ पुस्ताले धेरै विकास गरेको छ । कलाकारलाई सम्मान पनि गर्छन् । म्युजिकमा अहिले धेरै दुःख छैन । अधिकांश नयाँ पुस्ताका ब्यान्ड र गायक-गायिका राम्रो गरिरहेका छन् । नेपाली संगीत पनि धेरै माथि पुगेको छ । समाजले हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । संगीत एउटा पेसा पनि बन्छ भन्ने बुझाइको विकास भएको छ ।

समयक्रमसँगै प्रविधिको विकास हुन्छ । हिजो क्यासेट, सिडीको जमाना थियो । गीत रेकर्ड गर्ने प्रविधिहरू सीमित थिए । अहिले सबैको पहुँचमा पुगेको छ । अहिले एआईसम्म आइपुग्यौं । एआईले संगीत सिर्जना गर्न थालिसक्यो । तर, एआई उपयोगी टुल्स हो । यसले मानवीय संवेदना छुँदैन । संगीत मनबाटै आउनुपर्छ ।

संगीतमा मिहिनेत, लगनशीलता र साधना चाहिन्छ । संगीत समाजका लागि अपरिहार्य छ । रमाइलो मात्र होइन, साधनाका लागि संगीतमा लाग्नुपर्छ ।

(कुराकानीमा आधारित)

स्वस्थ जीवनका लागि योग



योगले तनाव कम गर्छ । पूर्ण निद्रा लाग्छ । पाचनप्रणालीमा सुधार आउँछ । रक्तसञ्चारमा सुधार ल्याउँछ । आत्मविश्वास वृद्धि हुन्छ । शरीरमा अक्सिजनको मात्रा बढ्छ । रोग प्रतिरोधात्मक क्षमता विकास हुन्छ । जोर्नीको समस्या कम हुन्छ । कार्यक्षमता वृद्धि गर्छ । श्वासप्रश्वासको गति नियन्त्रण गर्छ । सकारात्मक सोचको विकास हुन्छ । जीवनशैलीमा सुधार ल्याउँछ । जाडोमा फिट र स्मार्ट रहन चाहनेहरूले योगलाई नियमित तालिकामा समावेश गर्नुपर्छ । दैनिक ३० मिनेट मात्रै योग गऱ्यो पनि शरीरमा ताजगी आउनेछ । त्यस्तै, तौल नियन्त्रण हुनेछ ।

जाडोमा मौसम धुम्म हुँदा मानिसहरूमा उदासिपन बढिरहेको हुन्छ । मुड बिग्रने, अल्छी लाग्नेलगायत विभिन्न समस्या देखिन्छन् । यसलाई सिजनल इफेक्टिभ डिसअर्डर वा विन्टर डिप्रेसन पनि भनिन्छ । मस्तिष्कको ग्रन्थीले मेलाटोनिन नामक हार्मोन बनाउने काममा कमी हुँदा यस्तो समस्या देखिन्छ । योग वा केही समय ध्यान गर्दा यस्ता समस्याबाट छुटकारा पाउन सकिन्छ ।

अल्छीपनका कारण अधिकांश मानिसहरूले यस समय व्यायाम गर्न छाडेका हुन्छन् । जसकारण, तौल बढेर जान्छ । अन्य समयमा व्यायामका लागि जिम जानेहरूले पनि यस समय घरमै योग गर्नु राम्रो हुन्छ । पेट घटाउनका लागि कपालभाँती, चक्की चालनासन, बालासन, धनुरासन, चक्रासन, पश्चिमोत्तानासनलगायत योगाभ्यास गर्न सकिन्छ ।

सुरुमा योग प्रशिक्षकसँग सल्लाह लिन जरुरी हुन्छ । योग सुरु गरेपछि यसलाई निरन्तरता दिनु आवश्यक हुन्छ । योगले हामीलाई आफूभित्रै खुसी हुन सिकाउँछ ।

उच्च रक्तचाप, मधुमेह, जोर्नी दुखाइजस्ता दीर्घरोग भएकाले योग गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । त्यस्ता मानिसले शरीर तात्ने गरी योगाभ्यास गर्नुहुँदैन । यसले मुटुमा प्रेसर पर्ने हुन्छ । तनाव लिएर योग गर्नुहुँदैन । तनावपूर्ण अवस्थामा योगको अभ्यास गर्दा मांसपेशी दुख्ने, टाउको दुख्नेलगायत समस्या देखिन सक्छ ।

जाडोमा रक्तसञ्चार राम्ररी हुन नपाउँदा शरीरमा तापक्रम कम भइरहेको हुन्छ । यसकारण हाडजोर्नी तथा मांसपेशी दुख्ने समस्या देखिन्छ । योगले कोषिकाहरूमा रक्तसञ्चार बढाउँछ र शरीरलाई तातो राख्छ । विभिन्न योगासनको अभ्यास गर्दा शरीर लचकदार भएर जान्छ । आफूलाई हलुंगो महसुस गर्नुहुनेछ । काममा सक्रियता बढ्नेछ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



चुनावी प्रचार अभियानमा शीर्ष नेता

नयाँ पत्रिका

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएसँगै शीर्ष नेताहरू देश दौडाहामा छन्। कांग्रेस सभापति गगन थापा शुक्रबार पोखरा पुगेर काठमाडौं फर्किएका छन्। एमाले अध्यक्ष केपी ओली झापा, रास्वपा सभापति रवि लामिछाने चितवन र उज्यालो नेपालका अध्यक्ष कुलमान घिसिङ महोत्तरी पुगेका छन्। नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड भने काठमाडौंकै चुनावी कार्यक्रममा व्यस्त छन्। रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेन भने पूर्वी नेपालबाट रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक हुँदै शुक्रबार मात्र काठमाडौं फर्किएका छन्। २१ फागुनमा हुने चुनावमा थापा सर्लाही ४ बाट उम्मेदवार छन्। ओली र बालेन झापा ५ बाट प्रतिस्पर्धा गर्दै छन् भने प्रचण्ड रुकुम पूर्वबाट चुनाव लड्दै छन्। त्यस्तै, रवि चितवन २ र घिसिङ काठमाडौं ३ मा उम्मेदवार छन्।

पोखरामा गगनले भने- कांग्रेसले देश सम्हाल्छ र सुधार्छ



कांग्रेस सभापति गगनकुमार थापाले 'कांग्रेसले देश सम्हाल्छ र सुधार गर्छ' भन्ने सन्देश लिएर घरदैलो गर्न पार्टीका नेता, कार्यकर्ता र उम्मेदवारलाई निर्देशन दिएका छन्।

पार्टीको गण्डकी प्रदेश कार्यसमिति बैठकका लागि शुक्रबार पोखरा पुगेका थापाले कांग्रेस बदलिएर आएको र बदलिएर आएको कांग्रेसले देशलाई बदल्ने दाबी गरे। 'हामी आफ्नो तागत, हामीसँग भएको तागतलाई सम्झौं बुझौं। तल्लो तहसम्म जाऔं र गएर भनौं हामी देश सम्हाल्छौं पनि हामी व्यवस्थालाई सुधार्छौं पनि। हामी बदलिएर आएका छौं,' उनले भने, 'बदलिएर आएको कांग्रेसले देशलाई बदल्छ पनि। यही विश्वास लिएर तल्लो तहसम्म तपाईंहरू तल्लो तहमा जानुहुन्छ भन्ने विश्वास छ।'

कार्यकर्ता भेलालाई सम्बोधन गर्दै थापाले अबको सरकार कांग्रेसको मात्र नभनी अब सय पार गर्ने गरी मत माग्नुपर्ने बताए। 'मैले साथीहरूलाई भनेको छु मधेशमा जाँदै गर्दा अब कि बार कांग्रेसको सरकार भन्ने नारा लगाउन छोडिदिनुस्, नारै लगाउने भए अब कि बार सय पार भनेर नारा लगाउनुस्,' उनले भने, 'त्यहाँ पुऱ्याउने हो यसपालि। मज्जाले जाने हो। सकिन्छ पुग। मज्जाले सकिन्छ। बहुमतसम्म पुग्न सकिन्छ।'

झापामा ओलीले भने- नाति पुस्ताले राजनीतिमा लाग्नु नराम्रो होइन



एमाले अध्यक्ष केपी ओलीले नातिहरूको पुस्ताले राजनीतिमा लाग्छु भन्दा नराम्रो मान्नुपर्ने कुरा नरहेको बताएका छन्। चुनावी अभियानका क्रममा शुक्रबार आफ्नो निर्वाचन क्षेत्र झापा ५ पुगेका ओलीले प्रतिस्पर्धीसमेत रहेका रास्वपा वरिष्ठ नेता बालेन शाहलाई लक्षित गर्दै यस्तो बताएका हुन्। 'चुनावमा भिड्न आउँछु भन्नेलाई स्वागत गर्छु, खुसी लाग्छ नयाँ हाम्रा भाइ, भतिजा, छोरा, नातिहरूको पुस्ताले सिक्छु, राजनीतिमा लाग्छु भन्छ भने त्यसलाई नराम्रो मान्नुपर्ने कुरा छ र ?'

नेकपा सबैभन्दा नयाँ हो : प्रचण्ड



नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डले आफूहरूभन्दा नयाँ अरू कोही नभएको दाबी गरेका छन्। आफूहरू गणतन्त्र र संघीयताको वाहक रहेको र नेकपा नै सबैभन्दा नयाँ दल भएको शुक्रबार जडीबुटीमा नेकपा सिन्धुपाल्चोक-काठमाडौं सम्पर्क समन्वय समितिले आयोजना गरेको कार्यक्रममा प्रचण्डले बताए। सामाजिक सञ्जालमा नयाँको नाममा होहल्ला गर्ने गरिएको भन्दै प्रचण्डले भने, 'नेपालमा हामीभन्दा नयाँ कोही पनि छैन। नेपाली कम्युनिस्ट पार्टी मात्रै नयाँ हो। नेपाली कम्युनिस्ट पार्टी सबैभन्दा नयाँ हो। किनकि यो गणतन्त्र र संघीयताको वाहक हो।'

प्रचण्डले अर्को कुनै पनि पार्टीसँग चुनावी गठबन्धन नभएको बताए। पार्टीको निर्वाचन परामर्श कार्यक्रममा सहभागी हुने क्रममा शुक्रबार सञ्चारकर्मीले झापा ५ मा गठबन्धन हुन लागेको हो भन्दै प्रश्न सोधेका थिए। जवाफमा उनले गलत प्रचार भएको भन्दै कतै पनि त्यस्तो गठबन्धनको सम्भावना नभएको बताए। 'अहिलेसम्म कसैसँग गठबन्धन भएको छैन। बाहिर गलत समाचार आएका छन्, ती सत्य छैनन् भन्ने प्रस्ट पार्न चाहन्छु,' प्रचण्डले भने।

केही दिनअघि एमाले अध्यक्ष केपी ओली र नेकपाका संयोजक प्रचण्डबिच गठबन्धनका विषयमा छलफल भएको समाचार बाहिर आएको थियो। तर, उनले ती सबै हल्ला भएको भन्दै खण्डन गरे।

चियापसलबाट रविको चुनावी अभियान सुरु



रास्वपा सभापति रवि लामिछानेले आगामी २१ फागुनमा हुने चुनावबाट रास्वपाले कम्तीमा पनि बहुमतको सरकार बनाउने जनमत प्राप्त गर्नुपर्ने बताएका छन्। चितवन २ का उम्मेदवार रहेका लामिछानेले शुक्रबार नारायणगढको बालकुमारी चोकस्थित चियापसलबाट चुनावी अभियान सुरु गर्दै यस्तो बताएका हुन्। 'यो निर्वाचनमा रास्वपाले कम्तीमा पनि आफ्नै बहुमतको सरकार बनाउनुपर्नेछ। नत्र इतिहासले दिएको अवसर खेर जानेछ,' उनले भने, 'अन्यायमा परेर न्याय खोज्न आएको मान्छेलाई चितवनले इतिहास कोर्ने बाटोमा पुऱ्याइदिएको छ। चितवनवासीसँग गरेको बाचा पूरा गर्न फेरि आएको छु।' चितवनले नीलो क्रान्तिलाई निष्कर्षमा पुऱ्याउन आफूलाई देशव्यापी रूपमा फैलाउन जान दिन पनि उनले बताए। उनले ०७९ को चुनावमा पनि यही स्थानबाट चुनावी भेटघाट सुरु गरेका थिए। चितवन २ का उम्मेदवार उनी बिहीबार चितवन पुगेका थिए।

प्रदेशमा विकासको लहर ल्याएर देखाउँछौं : घिसिङ



उज्यालो नेपालका अध्यक्ष कुलमान घिसिङले आफूहरूलाई विश्वास गर्न आह्वान गरेका छन्। शुक्रबार महोत्तरी सदरमुकाम जलेश्वर पुगेका उनले दुर्गा चोकबाट सम्बोधन गर्दै आफूहरूले आश्वासन बाँड्ने नभई काम गरेर देखाउने र अबको विकास उज्यालोबाट मात्र सम्भव भएको दाबी गरे। अरू दलहरू परीक्षण भइसकेको उल्लेख गर्दै घिसिङले आफूहरू मतदाताको विश्वासमा खरो उत्रने प्रतिबद्धता जनाए।

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

Central Office : Pokhara-26, Kaski
Phone : 061-411438, 39, Website : www.gilb.com.np

Unaudited Financial Result (Quarterly)
As at the end of Second Quarter (2082/09/30) of the fiscal year 2082/083

Condensed Consolidated Statement of Financial Position
As on Quarter Ended 30 Poush 2082

Amount in NPR

Particulars	This Quarter Ending	Immidiate Previous Year Ending (Audited)
Assets		
Cash and Cash equivalent	399,610,072	330,895,051
Statutory Balances and Due from Nepal Rastra Bank	50,000,000	45,000,000
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans & Advances to MFIs & Cooperatives		-
Loans and Advances to Customers	10,299,834,943	9,677,234,011
Investment securities	2,200,000	2,200,000
Current tax assets	10,403,248	-
Investment property	11,445,644	11,445,644
Property and Equipment	71,257,205	70,874,168
Goodwill and Intangible assets	722,664	581,414
Deferred Tax Assets	9,382,503	9,382,503
Other Assets	13,523,171	58,584,149
Total Assets	**10,868,379,450**	**10,206,196,939**
Liabilities		
Due to Bank and Financial Institutions	5,292,571,370	4,997,190,633
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposit from Customers	3,853,990,815	3,610,588,612
Borrowings	-	-
Current Tax Liabilities	-	22,866,615
Provisions	-	-
Deferred tax Liabilities	-	-
Other Liabilities	442,813,647	399,778,164
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**9,589,375,833**	**9,030,424,024**
Equity		
Share Capital	648,297,797	618,900,045
Share Premium	-	-
Retained Earnings & Reserves	630,705,820	556,872,870
Total Equity attributable to equity holders	**1,279,003,617**	**1,175,772,915**
Non Controlling Interest		
Total Equity		
Total Liabilities and Equity	**10,868,379,450**	**10,206,196,939**

Statement Of Distributable Profit or loss
for the Quarter Ended 30 Poush 2082

Amount in NPR

Net Profit or (loss) as per statement of profit or loss	**105,905,607**
1 Appropriation	
a.General Reserve	(21,181,121)
b.Capital redemption reserve	-
c. Corporate Social Responsibility Fund	(1,059,056)
d. Employees training fund	-
e.Client protection fund	(1,588,584)
f. Other	-
Profit or (loss) Before Regulatory Adjustment	**82,076,845**
Regulatory Adjustment	
a. (Interest Receivable)/Previous Accrued Interest Receivable	(18,557,038)
b. (Short loan loss provision in Accounts)/Reversal	-
c. (Short provision for possible losses on investment)/Reversal	-
d. (Short loan loss provision on Non Banking Assets)/Reversal	-
e. (Deferred Tax Asset Recognized)/Reversal	-
f. (Goodwill Recognized)/Impairment of Goodwill	-
g. (Bargain Purchase Gain Recognized)/Reversal	-
h. (Actuarial loss Recognized)/Reversal	-
i. Other	-
Net Profit or (loss) for the quarter ended available for distribution	**63,519,808**

Notes to Interim Financial Statements :
1. The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) in line with NRB Directives. In compliance with NRB's ECL Guidelines, Mfi has de-recognized interest income on loans and advances classified as Lifetime ECL under stage-3, Mfi has considered the impairment on credit exposures as the higher of total ECL provision as per NFRS 9 and existing regulatory provision in Unified Directives. Separate Reporting of ECL shall be done to NRB by the Mfi.
2. The Interim Financial Statements have been prepared in accordance with Nepal financial reporting standards as issued by the Accounting Standard Board, Nepal and carve out issued by ICAN.
3. Loan and advances are presented net of impairment charges and include interest accruals
4. Figures has been rearranged and regrouped whenever necessary.
5. The above figures are subject to change if directed by regulator authority or external audit.
6. The Interim financial statement has been updated in the microfinance website: www.gilb.com.np

Interest Rate on Loan and Advances: 13.52% to 15% and Deposits: 7.5% to 11%

Condensed Statement of Profit or Loss
For the Quarter Ended 30 Poush 2082

Amount in NPR

Particulars	Current Year		Corresponding Previous Year (Unaudited)	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	399,274,462	773,237,714	364,246,846	647,912,244
Interest Expenses	139,003,025	285,546,601	150,634,186	297,164,135
Net interest income	**260,271,437**	**487,691,113**	**213,612,659**	**350,748,109**
Fee and commission income	24,386,829	44,513,483	19,640,173	42,544,910
Fee and commission expenses	5,996,751	10,391,044	522,430	1,149,916
Net fee and commission income	**18,390,078**	**34,122,440**	**19,117,743**	**41,394,994**
Net interest, fee and commission income	**278,661,515**	**521,813,553**	**232,730,402**	**392,143,103**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total operating income	**278,661,515**	**521,813,553.02**	**232,730,402**	**392,143,103**
Impairment charge/(reversal) for loans and other losses	160,698,823	161,164,041	20,743,088	27,638,256
Net Operating Income	**117,962,692**	**360,649,512**	**211,987,314**	**364,504,847**
Operating Expenses				
Personnel Expenses	76,131,733	173,289,172	84,396,196	166,027,020
Other Operating Expenses	16,382,088	30,517,775	15,529,899	23,892,143
Depreciation and Amortization	2,205,781	4,630,266	818,729	5,518,640
Operating profit	**23,243,090**	**152,212,299**	**111,242,491**	**169,067,044**
Non operating income	-	-	-	-
Non operating expense	776,981	918,575	10,000	10,000
Profit before income tax	**22,466,109**	**151,293,724**	**111,232,491**	**169,057,044**
Income Tax Expense				
Current tax	6,739,833	45,388,117	33,369,747	50,717,113
Deferred tax	-	-	-	
Profit for the period	**15,726,277**	**105,905,607**	**77,862,744**	**118,339,931**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Corresponding Previous Year (Unaudited)	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit for the period	15,726,277	105,905,607	77,862,744	118,339,931
Net other comprehsive income that will not be reclassified to profit or loss	**15,726,277**	**105,905,607**	**77,862,744**	**118,339,931**
Total comprehensive income for the period	**15,726,277**	**105,905,607**	**77,862,744**	**118,339,931**
Profit attributable to:				
Equity holders of the Bank	15,726,277	105,905,607	77,862,744	118,339,931
Non-controlling interest				
Total	**15,726,277**	**105,905,607**	**77,862,744**	**118,339,931**
Earnings per share				
Basic earnings per share	-	32.67	-	38.24
Diluted earnings per share	-	32.67	-	38.24

Ratios as per NRB Directive

Particulars	Current Year		Corresponding Previous Year (Unaudited)	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital fund to RWA		9.53%		10.26%
Non performing Loan (NPL) to Total Loan		8.96%		4.10%
Total Loan Loss Provision to Total NPL		92.82%		136.83%
Cost of Funds		6.44%		7.86%
Credit to Deposit Ratio		282.59%		291.84%
Base Rate		11.44%		12.49%
Interest Rate Spread		8.43%		4.57%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व. आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) **वित्तीय संस्थाको दोस्रो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ। साथै, जसलाई संस्थाको वेबसाईट https://gilb.com.np मा पनि राखिएको छ।

ख) ग्लोबल आइएमई बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस वित्तीय संस्थाको कूल शेयर मध्ये ५७.४८% शेयर स्वामित्व ग्लोबल आइएमई बैंक लिमिटेडको रहेको छ। यस वित्तीय संस्थाको सम्बन्धित पक्ष कारोबार निम्नानुसार रहेको छ।

क्र.सं.	विवरण	रकम रु.(हजारमा)
१.	ग्लोबल आइएमई बैंक लिमिटेडबाट शेयरमा लगानी	३५५,७४३.७५
२.	ग्लोबल आइएमई बैंक लिमिटेडबाट लिएको कर्जा सापटी	३,७४०,६४४.९१
३.	ग्लोबल आइएमई बैंक लिमिटेडलाई ब्याज भुक्तानी	६७,०५५.२२
४.	ग्लोबल आइएमई बैंक लिमिटेडको खातामा रहेको रकम	१,७६,८६०.२३

ग) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी (वार्षिकीकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. ३२.६७	३५.५९ गुणा	रु. १९४.६८	रु. १,६७६.४४	४.९२ प्रतिशत

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **दोस्रो त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
त्रैमासिक अवधिमा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटको घट्दो ब्याजदरका कारण संस्थाको खुद ब्याज आम्दानीमा वृद्धि हुनुका साथै मौज्दात र तरलतामा परिर्वतन भएको छ। वित्तीय संस्थाको आम्दानी व्यवसायिक योजना अनुरुप नै रहेको व्यवस्थापनको धारणा छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
आगामी अवधिमा थप गुणस्तरिय सेवा प्रदान गर्नुको साथै व्यवसायिक योजनाको विकास, नयाँ नयाँ लगानीका क्षेत्रहरुको खोजी, व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधिकरण तथा व्यवसायिक विकासका लागि शाखा सञ्जाल विस्तारका साथै ग्राहकको चाहना बमोजिम वित्तीय सेवा तथा सुविधा शुरु गर्ने संस्थाको योजना रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
समीक्षा अवधिमा वित्तीय संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ जसले गर्दा कोषको लागतमा विगतको तुलनामा केही कमी आएको छ। व्यापार व्यवसायहरुमा आएको संकुचनले गर्दा ग्राहकको कर्जा तथा ब्याज भुक्तानी गर्ने क्षमतामा ह्रास आई ऋण असुलीमा केही प्रभाव परेको देखिन्छ। आर्थिक मन्दी, पूँजी बजारमा आएको गिरावट, निष्क्रिय कर्जामा भएको वृद्धि, राजनितिक अस्थीरता, लगानीको असुरक्षाका कारणले वित्त पलायनको सम्भावनाका आदिले समग्र अर्थतन्त्रमा असर पारेको देखिन्छ। यस किसिमका समस्याका बावजुद पनि संस्थाको व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्त गर्ने र यसको प्रभावबाट संस्थालाई मजबुद बनाउनको लागि व्यवस्थापन विश्वस्त छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण :**

क) समीक्षा अवधिमा संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

ग) यस त्रैमास सम्ममा वित्तीय संस्थाले कर्मचारी विरुद्ध तथा संस्थाको विरुद्ध दायर गरेका केही मुद्दाहरु सम्बन्धित सम्मानीत जिल्ला तथा उच्च अदालतमा विचाराधिन रहेका छन्।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : दोश्रो बजारमा हुने शेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाईट www.nepalstock.com का अनुसार दोस्रो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयर सम्बन्धी कारोबार निम्नानुसार भएको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मुल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	शेयर कारोबार (कित्ता)
१३५०	१११७	१,१६३	५५	२,३९९	१,६८,९५८

५. **समस्या तथा चुनौती :**
बजारमा समग्र आर्थिक गतिविधिमा सुस्तता आएका कारण कर्जाको किस्ता तथा पाकेको ब्याज असुलीमा केही समस्या देखिएको र त्यसबाट निष्कृय कर्जा बढ्नुका साथै कर्जा नोक्सानी व्यवस्था बढ्न जाने हुँदा कर्जा जोखिम व्यवस्थापनमा केही चुनौति देखिन्छ। वित्तीय संस्थाको सञ्चालन खर्च वृद्धि हुँदै जानु, वित्तीय क्षेत्रमा तिव्र प्रतिस्पर्धा हुनु, वित्तीय क्षेत्रबाट दक्ष जनशक्तिको पलायन तथा दक्ष जनशक्तिको अभाव, सूचना प्रविधिका क्षेत्रमा देखा परेका नयाँ किसिमका चुनौतिहरु आदीले समग्र सूचकहरुलाई असर पर्नसक्ने भएकाले सुधार गर्दै लैजाने कार्य चुनौतिपुर्ण रहेको छ ।

व्यवस्थापनको रणनीति : संस्थाले ग्रामिण तथा दुर्गम क्षेत्र र वित्तीय सेवाबाट वञ्चित रहेका महिला दिदी बहिनीहरुलाई संस्थाको दायरामा ल्याई व्यवसाय तथा कार्यक्षेत्रमा विस्तार गर्ने, प्रभावकारी जनशक्ति व्यवस्थापन गर्ने, कर्जा लगानी सम्बन्धि रणनिती परिवर्तन गर्ने, व्यवसायिक दिगो पना सुधार गर्ने, लगानीका क्षेत्रहरु पहिचान गर्ने, खर्चमा मितव्ययीता अपनाउने, प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने, सदस्यहरुसँगको सम्बन्ध सुमधुर बनाउनका लागि छिटो एवम् छरितो तवरले ग्राहकमुखी सेवाहरु उपलब्ध गराउने, भाखा नाघेको कर्जा असुलीको लागि उचित रणनीति तथा उपयुक्त व्यवसायिक रणनीतिको तर्जुमा गरी कार्यसंचालन गर्ने व्यवस्थापनको रणनीति रहेकोछ। साथै, संस्था सञ्चालनमा देखिने विभिन्न किसिमका चुनौतिहरु समयमा नै पहिचान गरि समाधान गर्न व्यवस्थापन चनाखो रहेकोछ।

६. **संस्थागत सुशासन :**
वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ। साथै, वित्तीय संस्थाले कारोबार व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि, अल्पकालिन तथा दिर्घकालिन रणनिति तर्जुमा गरी लागू गरेको छ। साथै, आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक र नेपाल राष्ट्र बैंकले स्थलगत तथा गैर स्थलगत निरीक्षणबाट दिईएका सल्लाह एवं सुझावहरुको पालना गर्न सञ्चालक तथा व्यवस्थापन क्रियाशील रहेको छ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की, मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निणर्य लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

जेन-जी आन्दोलनका १९९ जना घाइतेको मात्रै वर्गीकरण

काठमाडौं/ गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा घाइते भएका दुई हजार ५९९ मध्ये १९९ जनाको मात्र वर्गीकरण भएको छ। घाइतेहरू वर्गीकरणका लागि स्वास्थ्य र गृह मन्त्रालयको सम्पर्कमा नआएपछि सरकारले स्थगित गर्ने तयारी गरेको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले वर्गीकरण स्थगित गर्ने विषयमा गृह मन्त्रालयलाई पनि जानकारी गराइएको बताए। 'अति गम्भीर घाइते भएकाहरू वर्गीकरणमा परिसके, अन्य सामान्य घाइते आएनन्,' उनले भने, 'अब यही काम मात्रै गरेर बस्ने कुरा भएन, दुई महिनासम्म पनि घाइते वर्गीकरणका लागि नआएपछि वर्गीकरण अभियान स्थगित गर्छौं। यसबारेमा गृह मन्त्रालयलाई पनि जानकारी गराइसकेको छु।'

काठमाडौंबाट १६९, डडेल्धुराबाट १६ तथा चितवन र कास्कीबाट सात-सात घाइते वर्गीकरणमा परेका छन्। वर्गीकरणका लागि जिल्ला प्रशासन कार्यालयमार्फत सिफारिस भएर आउनुपर्छ। त्यसलाई स्वास्थ्य मन्त्रालयले आधिकारिक घाइतेको सूचीमा राखेर वर्गीकरण गर्छ। मन्त्रालय प्रवक्ता डा. बुढाथोकीका अनुसार काठमाडौंमा १६९ घाइते भएकामा १६ जना अतिगम्भीर, ५२ गम्भीर, ५२ घाइते, ३७ मध्यम घाइते र ६४ सामान्य घाइतेमा छन्। उनीहरूको नाम वर्गीकरण सूचीमा दर्ता भइसकेको छ। त्यस्तै, डडेल्धुराबाट प्राप्त भएको सूचीका १६ जना सामान्य घाइते हुन् भने कास्कीबाट आएको तथ्यांकअनुसार अति गम्भीर घाइते दुई, गम्भीर घाइते तीनजना र सामान्य घाइते दुई गरी सातजना छन्। त्यस्तै, चितवनबाट प्राप्त तथ्यांकअनुसार तीनजना मध्यम घाइते र चारजना सामान्य घाइते रहेका छन्। जेन-जी आन्दोलनमा घाइते भएका दुई हजार ५९९ मध्ये ७३३ जनाले जेन-जीले घाइते परिचयपत्र लिएका थिए। अन्य घाइते परिचयपत्रसमेत बुझ्न आएका छैनन्। चार महिनाअघि नै घाइतेको वर्गीकरणका लागि मन्त्रिपरिषद्ले निर्णय गरेको थियो।

स्वास्थ्य मन्त्रालय, गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. सरोज शर्मा नेतृत्वको विज्ञ समितिले वर्गीकरण गर्ने जिम्मा पाएको थियो। समितिले ७७ वटै जिल्लामा सहजीकरण समिति खडा गरेर तथ्यांक संकलन गर्ने कार्य गरिरहेको छ। सरकारले घाइतेको वर्गीकरण गरी उनीहरूको अंगभंगको अवस्थाका आधारमा जीवन निर्वाहको लागि भत्ता दिने र वास्तविक घाइते पहिचान गर्ने प्रयोजनार्थ वर्गीकरण थालेको थियो।

लहानका उपमेयरसहित सातलाई जसपाले गऱ्यो निष्कासन

लहान/ जसपा नेपालले लहान नगरपालिकाका उपमेयर रामचलितर महतोसहित सातजनालाई पार्टीबाट निस्कासन गरेको छ। आफ्नो पार्टीबाट निर्वाचित उपमेयर महतो, सखुवानन्कारकट्टी गाउँपालिका-४ का वडाध्यक्ष रमेश गोइत यादव, जिल्ला अधिवेशन प्रतिनिधिहरू रामसोगारथ यादव, हरिनारायण यादव, महेश यादव, सखुवानन्कारकट्टी- ४ का पार्टी इकाइ अध्यक्ष योगेन्द्र झा र लहान नगर समिति सचिव रामऔतार महतोलाई कारबाही गरिएको जसपा सिराहाका अध्यक्ष अशोककुमार यादवले बताए।

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीको नीति तथा निर्णय, हित, अनुशासन र विधानविपरीत गतिविधिमा संलग्नलाई निष्कासन गरिएको विज्ञप्तिमा उल्लेख छ। 'उपमेयरसहित वडाध्यक्ष र पार्टीको अन्य जिम्मेवारीमा रहेकालाई पटकपटक सम्झायौं,' जसपाका एक नेताले भने, 'तर, आफ्नै ढंगले चल्ने, प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसारको सन्दर्भमा अन्य दलका उम्मेदवारसँगै देखिन थालेपछि निष्कासन गरिएको हो।'

निर्वाचनको ४८ घण्टाअगावै सीमानाका बन्द गरिने

काठमाडौं/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल-भारत सीमानाका ४८ घण्टाअगावै बन्द हुने भएको छ।

शुक्रबार मोरङको विराटनगरमा सम्पन्न भएको सशस्त्र प्रहरी बल नेपाल र भारत सशस्त्र सीमा बल (एसएसबी)बिचको १६औं डिआइजीस्तरीय समन्वय बैठकमा सो निर्णय भएको हो। बैठकमा सीमा सुरक्षा, सूचनाको आदान-प्रदान, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रण, मानव बेचबिखन, नक्कली मुद्रा, हातहतियार तथा लागुऔषध ओसार-पसार नियन्त्रणलगायत विषयमा छलफल भएको थियो।

साथै, सीमास्तम्भको संरक्षण, यात्रु सहजीकरण, संयुक्त गस्ती, विपत् उद्धार अभ्यास तथा आपसी खेलकुद गतिविधि सञ्चालन गर्ने विषयमा समेत दुवै पक्षबिच छलफल भएको सशस्त्र प्रहरी बलका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्टले जानकारी दिए।

त्यसैगरी सीमा क्षेत्रका सम्भावित नाकाहरू पहिचान गरी त्यसबाट हुन सक्ने खतरा मूल्यांकन गर्ने, शरणार्थी-आप्रवासीहरूको गतिविधिउपर निगरानी राख्ने, विभिन्न तह बनाई चेकप्वाइन्ट र ब्यारियर खडा गर्ने, आपराधिक तत्त्वहरूबाट हुन सक्ने घुसपैठ कडाइका साथ नियन्त्रण गर्ने, सीमा क्षेत्रमा मादक पदार्थ बिक्री-वितरण र सेवनमा पूर्णतः बन्देज गर्नेलगायत विषयमा समेत छलफल भएको सशस्त्र प्रहरी बलले जनाएको छ।

बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले सीमा केवल दुई देशबिचको रेखा नभई मित्रताको प्रतीक भएको उल्लेख गरेका थिए। भारतीय एसएसबीका डिआइजी सरोजकुमार ठाकुरले नेपाल-भारत सीमा क्षेत्रलाई आगामी दिनमा अझ मजबुत र बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे।

बैठकमा सशस्त्र प्रहरी नायब महानिरीक्षक महानिरीक्षकहरू अञ्जनीकुमार पोखेल, दीपेन्द्र शाह, कृष्ण ढकाल र मनीष थापालगायत भारतीय एसएसबीको तर्फबाट डिआइजी सरोजकुमार थाकुर, मन्जित सिंह, सुरेश सुब्रमनिम, राजेश टिक्कु र मनीष कुमारको समेत उपस्थिति थियो।

संक्षेप

विद्यार्थीमा उद्यमशील विकास गर्दै पूर्वका उद्योगी



विराटनगर/ उद्योग संगठन, मोरङले विद्यार्थीमा उद्यमशीलता विकास गर्ने उद्देश्यले 'बिजनेस एट स्कुल' कार्यक्रमको दोस्रो शृंखला सत्यनारायण माध्यमिक विद्यालय, विराटनगरमा सम्पन्न गरेको छ। सो कार्यक्रममा सूचना प्रविधिका क्षेत्रमा विद्यार्थीलाई व्यावहारिक सिप सिकाइएको थियो। मनमोहन पोलिटेक्निकले इन्टरनेट चलाउन, ज्ञान अटोमेसनले उद्योगहरूको सूचना प्रविधिको प्रयोग, शीर्षक इन्टरप्राइजेजले सिसिटिभी क्यामरा सेटअप, इन्द्र मोबाइल सेन्टरले मोबाइल मर्मत, कविता ट्रेड सेन्टरले ल्यापटप मर्मतसम्बन्धी विषयमा ९ देखि १२ कक्षाका विद्यार्थीलाई तालिम दिएको थियो।

चुनावी घोषणापत्रमा श्रमलाई समेट्न आग्रह

काठमाडौं/ सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले आगामी चुनावको घोषणापत्रमा सुरक्षित र मर्यादित वैदेशिक रोजगारको विषयलाई समेट्न सबै राजनीतिक दललाई आग्रह गरेको छ। ऊर्जाशील युवा रोजगारीको खोजीमा बिदेसिनुपरेको पीडालाई कम गर्न दलहरूले घोषणापत्रमार्फत समेट्नुपर्ने सञ्जालको आग्रह छ। 'तोकिएको आमनिर्वाचनको सिलसिलामा सबै राजनीतिक दललाई आफ्नो घोषणापत्रमा वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकका मुद्दालाई प्राथमिकताका साथ समावेश गर्न हार्दिक आग्रह गर्दछौं,' सञ्जालले विज्ञप्तिमार्फत भनेको छ। गत आवमा १७ खर्ब २३ अर्ब २७ करोड विप्रेषण आप्रवाह भएको र पछिल्लो समय झन् बढ्दै गएकाले वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सबैको प्रतिबद्धता आवश्यक रहेको सञ्जालको ठम्याइ छ।

उद्योग व्यापार संघको कार्ययोजना पारित



बुटवल/ उद्योग व्यापार संघ बुटवलले वार्षिक कार्ययोजना कार्यशालामार्फत विभिन्न योजनाहरू पारित गरेको छ। जसअनुसार स्वाधीन अर्थतन्त्रका लागि राष्ट्रिय औद्योगिकीकरण तथा व्यापार विविधीकरण भन्ने मूल नारालाई आत्मसात् गर्दै सदस्यता विस्तार, २०८३ पुसमा बुटवल मण्डपमा पाँचौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला आयोजना, संस्थागत सुदृढीकरण, उद्योगी-व्यवसायीको क्षमता विकास, अवलोकन भ्रमण, नीति संवाद, १५ वटा वस्तुगत समिति गठन, आर्थिक पत्रकारिता पुरस्कारलाई निरन्तरतालगायत योजना पारित भएका छन्। कार्यशालाले आगामी एक वर्षभित्र एक हजारजना नयाँ सदस्यलाई संघमा आबद्ध गराउने, आजीवन सदस्यता विस्तारमा सयजना थप गर्ने, मानार्थ सदस्यमा २० जना थप गर्ने र निष्क्रिय तथा पुराना सदस्यलाई सक्रिय बनाउन विशेष अभियान सञ्चालन गरिने भएको छ।

धमाधम आउँदै आइपिओ

चालू आर्थिक वर्षमा १९ कम्पनीले आइपिओ जारी गरेर सर्वसाधारणबाट उठाइसके आठ अर्ब

थप तीन कम्पनीलाई साढे ४६ करोडको आइपिओ जारी गर्न स्वीकृति, जलविद्युत् कम्पनीको आइपिओ धमाधम स्वीकृत



तस्बिर : एआई

● **गणेश कार्की**, अध्यक्ष, इप्पान



पछिल्लो समय जलविद्युत्लाई आइपिओ निष्कासनको अनुमति दिएको जस्तो देखिन्छ। तर, यो अझै पर्याप्त छैन। यसलाई अझै द्रुत गतिमा अघि बढाउन आवश्यक छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पुँजी बजारमा सार्वजनिक सेयर निष्कासन (आइपिओ) आउनेक्रम बढेको छ। पुसयता मात्रै १० कम्पनीले आइपिओ जारी गरिसकेका छन् भने थप तीन कम्पनीले ४६ करोड ६० लाख रुपैयाँको आइपिओ जारी गर्ने अनुमति पाइसकेका छन्।

धितोपत्र बोर्डका अनुसार चालू आर्थिक वर्ष ०८१/८२ मा १९ कम्पनीले आठ अर्ब सात करोड ३२ लाख ४० हजारबराबरको आइपिओ बिक्री गरेका छन्। यीमध्ये गत आवमै बोर्डबाट अनुमति लिएका दरमखोला जलविद्युत्, माबिलुङ जलविद्युत्, स्वस्तिक लघुवित्त, बुंगल हाइड्रो, बन्दीपुर केबलकार, झापा इनर्जी र रिलायन्स स्पिनिङ मिल्सले अहिले आइपिओ जारी गरेका हुन्।

चालू आर्थिक वर्ष ०८२/८३ मा स्वीकृति लिएकामध्ये १२ ले पनि आइपिओ जारी गरिसकेका छन्। यसमध्ये सुपर खुदी हाइड्रो पावर र रिड्गेलाइन जलविद्युत्ले स्थानीय र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई मात्रै आइपिओ बिक्री गरेका छन्। सर्वसाधारणका लागि रिड्गेलाइनले २८ माघदेखि र सुपर खुदीले ४ फागुनदेखि बिक्री खुला गर्न अनुमति पाइसकेका छन्। बोर्डमा स्वीकृति लिएर आइपिओ जारी गर्न बाँकी रहेकाहरूमा स्नोब रिभर्स हाइड्रो पावरले १८ करोड ७५ लाख रुपैयाँ, कालिञ्चोक हाइड्रोपावरले १३ करोड ७५ लाख रुपैयाँ र अपोलो हाइड्रोपावरले १४ करोड १० लाख रुपैयाँबराबरको आइपिओ ल्याउँदै छन्।

धितोपत्र बोर्डको नियामकीय क्षमतामा प्रश्न उठेपछि करिब एक वर्षसम्म आइपिओ स्वीकृति रोकिएको थियो। खासगरी आइपिओ स्वीकृति दिन बोर्डले अतिरिक्त लाभका लागि व्यवसायीलाई दबाब दिएको सार्वजनिक भएपछि छानबिनसमेत अघि बढेको थियो। छानबिन अवधिभर रोकिएको आइपिओ अहिले धमाधम स्वीकृति भइरहेको हो। विगतमा जलविद्युत् कम्पनीकै आइपिओ रोकिएका कारण अहिले बोर्डबाट स्वीकृति लिनेहरूको संख्यामा जलविद्युत् कम्पनी नै बढी छन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले आइपिओ निष्कासन प्रक्रिया अझै द्रुत बनाउनुपर्ने बताए। 'पछिल्लो समय जलविद्युत्लाई आइपिओ निष्कासनको अनुमति दिएको जस्तो देखिन्छ। तर, यो अझै पर्याप्त छैन। बोर्डमै ३४ कम्पनीको प्रस्ताव पाइपलाइनमा छ। योबाहेक कैयौं कम्पनीको प्रस्ताव पेस गर्न बाँकी छ,' उनले भने, 'यो गतिमा स्वीकृति पाउँदा पनि समय लाग्छ। तसर्थ, यसलाई अझै द्रुत गतिमा अघि बढाउन आवश्यक छ।'

सर्वसाधारणलाई आठ अर्बको सेयर बिक्री भइसकेको १९ कम्पनीको विवरण

कम्पनी	आइपिओ रकम
दरमखोला हाइड्रो	३९ करोड ५० लाख
माबिलुङ	१८ करोड ९० लाख
स्वस्तिक लघुवित्त	२ करोड ३१ लाख
बुंगल हाइड्रो	२९ करोड पाँच लाख
बन्दीपुर केबलकार	५८ करोड ६० लाख
झापा इनर्जी	नौ करोड ५० लाख ४७ हजार
रिलायन्स स्पिनिङ मिल्स	९४ करोड ८८ लाख ११ हजार
सागर डिस्टिलरी	१४ करोड ५२ लाख
श्रीनगर एग्रोटेक	३२ करोड ६२ लाख ५० हजार
एसवाई प्यानल नेपाल	५२ करोड ३२ लाख ५४ हजार
सोलु हाइड्रोपावर	२ अर्ब
साल्पा विकास बैंक	१७ करोड २३ लाख ८८ हजार
भुजुङ हाइड्रोपावर	२० करोड
रिड्गेलाइन इनर्जी	२६ करोड ७ लाख
सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक	१३ करोड ७९ लाख ३५ हजार
सुपर खुदी हाइड्रोपवार	३१ करोड
पाल्पा सिमेन्ट	७५ करोड
शिखर पावर डेभलपमेन्ट	३२ करोड
होटेल फारेस्ट	४० करोड

बोर्डबाट आइपिओ निष्कासनको अनुमति पाएका, तर बिक्री गर्न बाँकी

कम्पनी	आइपिओ रकम
स्नो रिभर्स हाइड्रोपावर	१८ करोड ७५ लाख
कालिञ्चोक हाइड्रोपावर	१३ करोड ७५ लाख
अपोलो हाइड्रोपावर	१४ करोड १० लाख

८९ कम्पनीको ५९ अर्ब ६९ करोडको आइपिओ लगानीकर्ताको पर्खाइमा

धितोपत्र बोर्डमा अझै ८९ कम्पनीको आइपिओ निष्कासनको फाइल छ। आइपिओ निष्कासनका लागि बोर्डबाट अन्तिम स्वीकृति लिनुपर्छ। त्यसपछि मात्रै आइपिओ बिक्री गर्न पाइन्छ। २० माघसम्म ८९ कम्पनीको ५९ अर्ब ६९ करोड ९४ लाख चार हजारबराबरको आइपिओ अनुमतिको पर्खाइमा छन्। कम्पनीहरूले अंकित तथा प्रिमियम दरमा गरेर सो मूल्यबराबरको ४१ करोड ६९ लाख ८५ हजार कित्ता सेयर बिक्री गर्न लागेका हुन्।

पाइपलाइनमा रहेका आइपिओ

होटेल तथा पर्यटन : १२ कम्पनी
- ३ करोड ६० लाख ५८ हजार १३० कित्ता
- ३ अर्ब ६० करोड ५८ लाख १३ हजार रुपैयाँ

ऊर्जा : ३४ कम्पनी
- १६ करोड १ लाख ७१ हजार ९०४ कित्ता
- १६ अर्ब ४२ करोड ४४ लाख ५५ हजार रूपैयाँ

इन्भेस्टमेन्ट : ४ कम्पनी
- १ करोड ८६ लाख ५० हजार ३७५ कित्ता,
- ३ अर्ब ४१ करोड १० लाख ४७ हजार रुपैयाँ

उत्पादन : २५ कम्पनी
- १५ करोड ४१ लाख ६८ हजार ५२२ कित्ता,
- ३१ अर्ब २७ करोड ३७ लाख ९१ हजार रुपैयाँ

माइक्रो इन्स्योरेन्स : तीन कम्पनी
- ६७ लाख ५० हजार कित्ता,
- ६७ करोड ५० लाख रुपैयाँ

अन्य : ११ कम्पनी
- ४ करोड ११ लाख ८६ हजार ६९ कित्ता,
- ४ अर्ब ५७ करोड ९३ लाख ६ हजार रुपैयाँ

उदयपुर एक्स्पो सुरु

उदयपुरमा **विदुर कटुवाल**

स्थानीय उत्पादन र बजारलाई जोड्ने उद्देश्यका साथ शुक्रबारदेखि उदयपुर एक्स्पो-२०८२ सुरु भएको छ। कृषि, पर्यटन, उद्योग र व्यापारलाई एउटै मञ्चमा जोडेर अर्थतन्त्रमा गति दिने लक्ष्यसहित सुरु भएको एक्स्पो ८ फागुनसम्म सञ्चालन हुनेछ।

त्रियुगा नदी-किनारको बसपार्कपरिसरमा सुरु भएको एक्स्पोको उद्घाटन कोशीका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले गरे। उद्घाटन समारोहमा उनले कमजोर बन्दै गएको अर्थतन्त्रलाई उकास्न औद्योगिक मेला र एक्स्पो अपरिहार्य भइसकेको बताए। 'अहिले देश आर्थिक दबाबमा छ,' मन्त्री पराजुलीले भने,



'उत्पादन, रोजगारी र बजारलाई एकैचोटि चलायमान बनाउन संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वय आवश्यक छ। एक्स्पो र औद्योगिक महोत्सवले स्थानीय उत्पादनलाई बजारसँग जोड्दै अर्थतन्त्रलाई गति दिन्छन्।'

किसानलाई तीन अर्ब अनुदान वितरण

कृषि बिमाको प्रिमियमबापत एक अर्ब ६० करोड र उखु किसानलाई एक अर्ब ४४ करोड अनुदान निकासा

अजित अधिकारी/नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट गत आर्थिक वर्ष ०८१/८२ मा किसानलाई तीन अर्ब पाँच करोड रुपैयाँ अनुदान वितरण भएको छ। मन्त्रालयले बाली तथा पशुधन बिमा प्रिमियम र उखु किसानलाई अनुदानबापत सो रकम वितरण गरेको शुक्रबार सार्वजनिक वार्षिक प्रगति विवरणमा उल्लेख छ।

मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाद्वारा प्रकाशित प्रतिवेदनअनुसार पशुपक्षी तथा मत्स्य बिमाशुल्कको प्रिमियममा अनुदानबापत एक अर्ब ४३ करोड आठ लाख ८८ हजार सात सय ५५ रुपैयाँ र बाली बिमाको प्रिमियम अनुदानबापत १७ करोड सात लाख ८९ हजार एक सय ८९ रुपैयाँ वितरण भएको छ। मन्त्रालयले 'बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, ०८१' मा रहेर रकम निकासा गरेको जनाएको छ।



बिमा कम्पनीले किसानको पशुधन र बालीको बिमा गरेको तथ्यांक बिमा प्राधिकरणमा बुझाउने र प्राधिकरणले उपलब्ध गराएको तथ्यांकअनुसार मन्त्रालयले प्राधिकरणकै खातामा अनुदानबापतको रकम निकासा गर्दै आएको छ। गत आवमा कुल बिमा प्रिमियमबापत एक अर्ब ६० करोड १६ लाख ७७ हजार नौ सय ४५ अनुदान प्रवाह भएको मन्त्रालयले जनाएको छ।

गत आवमा १६ सय ७७ किसानले बाली बिमा र एक लाख ६० हजार तीन सय ३२ पशुपक्षी र मत्स्यको पशुधन बिमा भएको मन्त्रालयले जनाएको छ। बिमा शुल्कको ८० प्रतिशत प्रिमियम सरकारले अनुदानबापत व्यहोर्दै आएको छ। त्यस्तै, कृषि विभागमार्फत गत आवमा प्रतिक्विन्टल ७० रुपैयाँका दरले कुल एक अर्ब ४४ करोड ९२ लाख ३८ हजार रकम उखु किसानलाई अनुदान वितरण गरिएको मन्त्रालयले जनाएको छ। गाईभैंसीमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि ९७ लाख खोप खरिद र नार्कबाट धान, मकै स्याउ, एभोकाडो, सुन्तला, जुनार र कागतीको कुल २१ नयाँ जात सिफारिस भएको प्रगति विवरण पनि प्रतिवेदनमा उल्लेख छ।



स्थानीय तहको समन्वयमा किसानको सूचीकरण

स्थानीय तहको समन्वयमा किसान सूचीकरणलाई तीव्रता दिइएको छ। गत आवमा किसान सूचीकरण प्रणालीमा २३ लाख ६८ हजार सात सय चारको आवेदन परेको र त्यसमध्ये सात लाख ५९ हजार चार सय १५ आवेदन स्वीकृत भएको छ।

मल खरिद गर्न २७ अर्ब खर्च

मल खरिदका लागि २७ अर्ब २६ करोड १० लाख अनुदान निकासा भएकोमा पाँच लाख ५० हजार टन खरिदका लागि टेन्डर भएको थियो। त्यसमध्ये चार लाख ८८ हजार सात सय ३७ टन आयात भएको मन्त्रालयले जनाएको छ। कृषि सामग्रीबाट तीन लाख ४६ हजार ६ सय ४२ टन, साल्ट ट्रेडिङबाट एक लाख ४२ हजार ९५ टन र थप ३० हजार टन युरिया जिटुजीमार्फत भारतबाट आयात भएको थियो।

दुध र माछामासु उत्पादनमा सुधार

गत आवमा २६ लाख ८४ हजार टन दुध, एक लाख २३ हजार टन माछा, चार लाख ४७ हजार टन मासु र एक अर्ब ६४ करोड ५४ लाख गोटा अन्डा उत्पादन भएको मन्त्रालयको तथ्यांक छ। यो उत्पादनअनुसार प्रतिव्यक्ति प्रतिवर्ष उपलब्धता ९२ लिटर दुध, १९.६ किलो माछामासु र ५६ वटा अन्डा रहेको छ।

साढे पाँच अर्ब बेरुजु

गत आवसम्म कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बेरुजु पाँच अर्ब ७६ करोड १० लाख ३९ हजार रहेको छ। आवको सुरुमा नौ अर्ब १९ करोड बेरुजु थियो। तर, ३७.३५ प्रतिशत अर्थात् तीन अर्ब ४३ करोड फर्स्यौट भएको हो।

हार्दिक श्रद्धाञ्जली



स्व. जुन बाबा राजभण्डारी

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. का आदरणीय सञ्चालक श्री प्रजन्य राजभण्डारीका ममतामय आमा स्व. जुन बाबा राजभण्डारीको देहवासन भएको खबरले हामी अत्यन्त मर्माहित भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

पृथ्वी बहादुर पाँडे
अध्यक्ष
तथा
सञ्चालक समिति
एवं
समस्त NIMB परिवार

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.न. १७/०६९/०७०

■ पुरुष टी-२० विश्वकप २०२६

विश्वकपमा भिड्ने १५ नेपाली क्रिकेटर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

भारत र श्रीलंकाले शनिबारदेखि संयुक्त रूपमा १०औँ संस्करणको आइसिसी टी-२० पुरुष विश्वकप आयोजना गर्दै छन्। नेपालले समग्रमा तेस्रो तथा लगातार दोस्रोपटक विश्वकप खेल्दै छ। नेपाली टोलीमा सोमपाल कामी मात्र तेस्रोपटक विश्वकप खेल्ने एक्ला खेलाडी हुन्। कप्तान रोहित पौडेलसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, करण केसी, सन्दीप लामिछाने, ललित राजवंशी, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा र गुल्सन झाले दोस्रोपटक सहभागिता जनाउँदै छन्। राष्ट्रिय टोलीमा परेका शेर मल्लसहित बसिर अहमद, लोकेश बम, आरिफ शेख र नन्दन यादवको पहिलोपटक विश्वकप यात्रा हुनेछ। नेपालले समूह 'सी'मा इंग्ल्यान्ड, इटाली, वेस्ट इन्डिज र स्कटल्यान्डसँग खेल्नेछ।

१ रोहित पौडेल (कप्तान) अलराउन्डर

७६ टी-२० आई, रन १६३७, ८ अर्धशतक



समूह 'बी'मा सहभागी टोलीका युवा कप्तान रोहित नै हुन्। नेपाललाई लगातार दोस्रोपटक आफ्नो कप्तानीमा विश्वकपमा पुऱ्याएका रोहितले कम्तीमा सुपर एटको लक्ष्य रहेको योजना सुनाइसकेका छन्। २३ वर्षीय रोहित अलराउन्डर भूमिका निर्वाह गर्छन्। तेस्रो वा चौथो क्रममा ब्याटिङ गर्ने र आवश्यकता रहँदा स्पिन बलिङ गर्छन्। पार्टटाइम स्पिनर भए पनि कहिलेकाहीँ महत्त्वपूर्ण 'ब्रेक थ्रु' उनी दिलाउँछन्। सन् २०१९ मा उनले युएईविरुद्ध डेब्यु गरेका थिए। राष्ट्रिय टोलीमा निरन्तर रूपमा खेल्ने खेलाडीमा उनी पर्छन्। टी-२० आईमा १७ इनिङ्स बलिङ गरेका उनले १३ विकेट हात पारेका छन्। सन् २०२४ को विश्वकपमा उनले तीन खेलमा २६ रन बनाउनुका साथै दुई विकेट हात पारेका थिए। 'योपटक हामी केही गरी फर्कछौँ,' मुम्बईमा रहेका रोहितले भने, 'युवा खेलाडीका लागि राम्रो मौका हो।'

२ दीपेन्द्रसिंह ऐरी (उपकप्तान) अलराउन्डर

९० टी-२० आई, १ शतक, १० अर्धशतक, रन १९५६



नेपाली टोलीकै प्रमुख अलराउन्डरमा उपकप्तान दीपेन्द्र पर्छन्। युएईविरुद्धको अभ्यास खेलमा उनले ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरी आफू विश्वकपका लागि तयार भएको प्रस्तुत गरेका छन्। पाँचौँ वा छैटौँ स्थानमा आएर आक्रामक रूपमा ब्याटिङ गर्ने उनको शैली हो। उनी पनि लगातार दोस्रोपटक उपकप्तानीका रूपमा विश्वकप खेल्न लाग्दै छन्। सन् २०१८ मा उनले नेदरल्यान्ड्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। विश्व टी-२० आई अलराउन्डरको आइसिसी वरीयतामा शीर्ष दुईसम्म पुग्ने उनी एक मात्र नेपाली क्रिकेटर हुन्। अहिले दीपेन्द्र अलराउन्डर वरीयताको शीर्ष चारभन्दा बाहिर पुगेका छन्। नेपालबाट टी-२० आईमा दुई हजार रन पूरा गर्न उनी ४४ रनले पछाडि छन्। उत्कृष्ट फर्ममा रहँदा दीपेन्द्रले ब्याटिङका क्रममा विपक्षी बलरको हैरानी बनाउँछन्। फेरि टी-२० आईमा केवल नौ बलमै अर्धशतकीय इनिङ्स खेलेको विश्व रेकर्ड उनकै नाममा छ। गत संस्करणमा उनले तीन खेलमा ३२ रन र ६ विकेट लिएका थिए।

३ सोमपाल कामी (अलराउन्डर)

८६ टी-२० आई, विकेट ८१, रन ३६५



नेपाली टोलीका सबैभन्दा सिनियर र अनुभवी खेलाडी सोमपाल हुन्। नेपालबाट तीनपटक विश्वकप खेल्ने उनी एक मात्र क्रिकेटर हुन्। सन् २०१४ मा नेपालले विश्वकपमा डेब्यु र अहिलेको विश्वकप यात्रामा सोमपाल प्रमुख खेलाडीका रूपमा रहेका छन्। पछिल्लो आठौँदेखि दर्साँसम्म ब्याटिङ गरे पनि उनले आकर्षक स्ट्रोक लगाउँदै टोलीको रनरेट उकास्ने काम गर्दै आइरहेका छन्। सन् २०१४ मै उनले टी-२० आईमा डेब्यु गरेका थिए। अहिलेसम्म उनले ८६ टी-२० आईमा ८६ विकेट हात पारेका छन्। तल्लोक्रममा ब्याटिङ गर्दै सोमपालले तीन सय ६५ रन बनाएका छन्। समग्रमा उनले विश्वकपका ६ खेलमा सात विकेट हात पारेका छन्। सन् २०१४ मा चार तथा २०२४ को संस्करणमा उनले तीन खेलमा तीन विकेट लिएका थिए। सोमपालले तेस्रोपटक विश्वकप खेल्न पाउँदा आफूलाई भाग्यमानी भएको बताएका छन्। 'सुरुमा हामीले नेपालमा पनि क्रिकेट खेल्छन् र यसपटक हामी यहाँ केही गर्न आइरहेका छौँ भन्ने सन्देश दिएका छौँ,' उनले क्यानसँग भनेका थिए, 'अब यसलाई सधैँ निरन्तरता दिनुपर्छ।'

४ करण केसी (अलराउन्डर)

८५ टी-२० आई, विकेट १०६

सोमपालपछिका सियिनर खेलाडीमा करण पर्छन्। सन् २०१५ मा करणले टी-२० आईमा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए। उनको विशेषता नै ब्याटिङ र बलिङमा राम्रो गर्न सक्छन्। दोस्रो नेपाल प्रिमियर लिगमा उनले यस्तै उदाहरण दिएका थिए। उनी पनि दोस्रोपटक विश्वकप खेल्ने नेपाली



क्रिकेटर हुन्। नेपालकै भेट्टान खेलाडीमा पर्ने करणले आफ्नो करिअरमा एक खेलमा पाँच विकेट लिएका छन्। उनले तीनपटक एकै खेलमा चार विकेट हात पारेका छन्। नेपालको क्रिकेट इतिहासमा टी- २० आईमा सय विकेट पूरा गर्नेमा उनी पनि हुन्। अलराउन्डर भूमिकामा प्रस्तुत हुने करणले ४८ इनिङ्समा चार सय ६८ रन जोडेका छन्। गत संस्करणमा उनले दुई खेलमा मात्र मौका पाए। डेब्यु विश्वकपमा विकेटविहीन बनेका करण यसपटक भारतको वानखेडे रंगशालामा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राख्छन्।

५ कुशल भुर्तेल (ओपनर)

७० टी-२० आई, १ शतक, १३ अर्धशतक, रन १८०७



नेपाली टोलीमा लगातार ओपनिङ जिम्मेवारी सम्हाल्दै आइरहेका भुर्तेलको यो दोस्रो विश्वकप यात्रा हो। सन् २०२१ मा उनले टी-२० आईमा डेब्यु गरेका थिए। त्यसयता उनले टोलीमा फर्केर हेर्नुपरेको छैन। ब्याटिङका क्रममा उतारचढाव सामना गरे पनि अन्तर्राष्ट्रिय लेभलमा उनको ओपनिङ लोभलाग्दो छ। ओपनिङ गर्दा विपक्षीका बलर उनलाई कुनै मतलब हुँदैन। पहिलो बलदेखि नै बाउन्ड्री लगाउन उनी तयार हुन्छन्। क्रिजमा धर्यतापूर्वक ब्याटिङ गर्न नसक्नु उनको मुख्य कमजोरी हो। भुर्तेल पावर प्लेमा टिक्दा नेपालको रनरेट सधैँ माथि रहने गर्छ। ब्याटिङमा असफल हुँदा बलिङमा भने उनी चम्कने गर्छन्। लेग स्पिनर गर्ने भुर्तेलले अहिलेसम्म २६ इनिङ्समा ३० विकेट हात पारेका छन्। सन् २०२४ को डेब्यु विश्वकपमा उनले तीन खेलमा २४ रन तथा चार विकेट लिएका थिए। पूर्वकप्तान पारस खड्काको समयमा भुर्तेललाई नेपालका 'राइजिङ स्टार' नाम दिइएको थियो।

६ आसिफ शेख (विकेटकिपर-ब्याट्सम्यान)

६८ टी-२० आई, १० अर्धशतक, रन, १६३९



आसिफ लगातार पाँच वर्षदेखि विकेटकिपर ब्याट्सम्यानको भूमिका निर्वाह गर्दै आइरहेका छन्। उनको पनि यो दोस्रो विश्वकप यात्रा हो। भुर्तेलसँगै ओपनिङ गर्ने आसिफले आवश्यकताअनुसार स्ट्रोक लगाउँछन्। भुर्तेल आक्रामक बनिरहँदा उनी अगाडि बढ्ने गर्छन्। विपक्षी ब्याट्सम्यान सुस्त रहँदा उनी अगाडि बढेर आक्रामक रूपमा प्रस्तुत हुने गर्छन्। विकेटपछाडि पनि उनको प्रदर्शन जबरजस्त देखिन्छ। क्यानडासँगको अभ्यास खेलमा आसिफ फर्ममा देखिए। क्यानडामाथि सहज जित निकाल्दा उनले ५८ रन जोडेका थिए। आसिफ फर्ममा देखिनु नेपालको नजरमा राम्रो पक्ष हो। लगातार दोस्रोपटक विश्वकप खेल्न लागेका आसिफले डेब्यु विश्वकपमा तीन खेलमा ६३ रन जोडेका थिए। अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा उनी नेपाली खेलाडीमध्ये व्यक्तिगत धेरै रन बनाउने ब्याट्सम्यान बनेका थिए।

७ सन्दीप लामिछाने (स्पिनर)

६८ टी-२० आई, विकेट १२९, उत्कृष्ट ५/९



सन्दीप विश्व क्रिकेटमा नेपालका स्टार क्रिकेटरमा पर्छन्। निकै छोटो समयमै सन्दीपले विश्वकै चर्चित लिगमा आबद्ध भएर आफ्नो जादुमयी लेग स्पिनरको प्रदर्शन गरेका छन्। उनी पनि नेपालबाट दोस्रोपटक विश्वकप खेल्न लागेका क्रिकेटर हुन्। २५ वर्षीय सन्दीप नेपालबाट टी-२० आई फर्म्याटमा एक सय विकेट लिने पहिलो बलर हुन्। उनले ६७ टी- २० आईमा एक सय २९ विकेट लिएका छन्। उनले आफ्नो करिअरमा दुईपटक पाँच विकेट लिएका छन्। मुम्बईको वानखेडे रंगशालाको पिचमा सन्दीपको स्पिन बलिङ हेर्न लायक हुन सक्छ। मोन्टी देसाईको प्रशिक्षणमा नेपालले पहिलोपटक विश्वकपमा स्थान बनाउँदा उनले दुई खेलमा दुई विकेट मात्र लिएका थिए। नेपाली खेलाडीमध्ये सबैभन्दा धेरै अन्तर्राष्ट्रिय टी- २० सिरिजको अनुभव बटुलेका सन्दीपले यसपटक विश्वकप यात्रामा राम्रो प्रदर्शन हुने बताएका छन्। टी-२० आईको २४ इनिङ्समा ब्याटिङ गरेका उनले ७९ रन बटुलेका छन्।

८ गुल्सन झा (अलराउन्डर)

५१ टी-२० आई, विकेट २९, रन ६२९



युवा अलराउन्डर खेलाडीले भरिएको नेपाली टोलीमा गुल्सन पछिल्लो समयमा ब्याटिङ र बलिङमा राम्रो गरिरहेका छन्। ब्याटिङको अवस्थाअनुसार गुल्सन कहिलेकाहीँ पिन्च हिटरका रूपमा क्रिजमा आउने गर्छन्। करिअरमा उनले दक्षिण अफ्रिकाविरुद्धको खेल कहिल्यै भुल्न सक्दैनन्। गत संस्करणको विश्वकपमा टेस्ट राष्ट्र दक्षिण अफ्रिकाविरुद्ध जितनजिक पुग्दा उनी रनआउट भएका थिए। जसका कारण नेपालले दक्षिण अफ्रिकामाथि सनसनी जित निकाल्न वञ्चित भएको थियो। दोस्रोपटकको विश्वकप सहभागितामा उनले आफूलाई थप अनुभवी बनाइसकेका छन्। दायाँ हात ब्याटिङ गर्ने गुल्सन दायाँहाते मध्यगतिका बलर हुन्। सन् २०२२ मा टी- २० आईमा डेब्यु गरेका उनको बलिङ इकोनोमी र ब्याटिङ स्ट्राइकरेट असाध्य राम्रो छ। गत विश्वकपमा उनले तीन खेलमा २० रन तथा एक खेलमा बलिङ गरेका थिए।

९ ललित राजवंशी (स्पिन बलर)

३७ टी-२० आई, विकेट ३६



दोस्रो संस्करणको नेपाल प्रिमियर लिगलाई आधार मानेर टोली छनोट गर्दा राजवंशी पनि समावेश भएका थिए। यद्यपि, एनपिएलमा उनको प्रदर्शन त्यति सन्तोषजनक थिएन। तर, प्रशिक्षक स्टुवार्ट लले मुम्बईको पिचमा अनुभवी स्पिनर आवश्यकता महसुस गर्दै राजवंशीलाई समावेश गरे। बायाँहाते स्पिनर राजवंशीको पनि यो दोस्रो विश्वकप यात्रा हो। ०१८ मै टी- २० आईमा डेब्यु गरिसकेका उनले अहिलेसम्म ३७ खेलमा ३६ विकेट लिएका छन्। नेपाली टोलीमध्ये टी-२० आईमा कम इकोनोमी बलिङ गर्ने बलरमा उनी पर्छन्। उनको इकोनोमी ६.३७ रहेको छ। जुन निकै राम्रो देखिन्छ। सन् २०२४ को विश्वकपमा उनले खेल्न मौका पाएनन्। क्यानडासँगको अभ्यास खेलमा मौका पाए पनि उनी विकेटविहीन भएका थिए। क्यानडाविरुद्ध उनले २२ रन दिएका थिए।

१० आरिफ शेख (ओपनर)

४५ टी-२० आई, रन, ५५३, विकेट ४



सन् २०१८ मै टी-२० आई डेब्यु गरेका आरिफको मुख्य जिम्मेवारी ओपनिङ हो। अहिलेसम्म ४५ टी-२० आईमा उनले पाँच ५३ रन जोडेका छन्। कहिलेकाहीँ पार्टटाइम बलरका रूपमा आफूलाई प्रस्तुत गर्दा उनले समग्रमा चार विकेट लिएका छन्। नेपाली टोलीमा पहिलोपटक विश्वकप खेल्न लागेका पाँच खेलाडीमध्ये उनी पनि एक हुन्। दोस्रो नेपाल प्रिमियर लिगमा उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका कारण आरिफ टोलीमा समावेश भएका थिए। स्टुवार्ट लले टोली घोषणा गर्दा सुदूरपश्चिम रोयल्सका विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारीलाई छाडेर आरिफलाई समावेश गरेका थिए। भण्डारी दोस्रो एनपिएलकै सर्वाधिक रन बनाउने तेस्रो ब्याट्सम्यान थिए। आरिफको टी-२० आईमा सर्वाधिक ३९ रन बनाएका छन्। विश्वकपको अभ्यास खेलमा उनले युएईविरुद्ध ६१ रन जोड्दै आफूलाई फर्ममा आएको सन्देश दिएका छन्।

११ सन्दीप जोरा (ब्याट्सम्यान)

३८ टी-२० आई, ४ अर्धशतक, रन ४८९

नेपालको मध्यक्रम ब्याटिङ लाइन बलियो बनाउन जोराको भूमिका महत्त्वपूर्ण देखिन्छ। दायाँहाते आक्रामक ब्याट्सम्यान जोराको यो दोस्रो विश्वकप यात्रा हो। उनी पनि दोस्रो नेपाल प्रिमियर लिगकै प्रदर्शनका आधारमा टोलीमा समावेश भएका हुन्। २४ वर्षिय खेलाडीले सन् २०१९ मै



टी-२० आईमा डेब्यु गरेका थिए। अहिलेसम्म नेपालबाट ३८ खेल खेलेका उनले चार सय ८९ रन बनाएका छन्। उनले चारपटक टी-२० आईमा अर्धशतकीय इनिङ्स खेलेका छन्। क्यानडासँगको अभ्यास खेलमा उनले आक्रामक रूपमा ४४ रन जोडेका थिए। जोरा फर्ममा देखिनु नेपालका लागि सुखद पक्ष हो। गत संस्करणको विश्वकपमा उनले एक खेलमा एक रन मात्र जोडेका थिए।

१२ शेर मल्ल (स्पिनर बलर)

पहिलोपटक राष्ट्रिय टोलीमा



लुम्बिनी लायन्सले दोस्रो नेपाल प्रिमियर लिग उपाधि जित्दा शेरले उत्कृष्ट प्रदर्शन गरेका थिए। मुख्य गरी उनले इलिमिनेटरदेखि फाइनलसम्म घातक बलिङ गर्दै लुम्बिनीलाई च्याम्पियन बनाए। एनपिएलमा उनले १० खेलमा १७ विकेट हात पारेका थिए। स्लो पिचमा उनको एक्सन फरक हुन्छन्। विपक्षी ब्याट्सम्यान शेरले फ्याँकेको बल ठम्याउन सक्दैनन्। जसका कारण ब्याट्सम्यान सहजै बिट हुन्छन्। अहिले मुम्बईको वानखेडे मैदानमा शेरको बलिङ प्रभावशाली देखिन सक्छ। नेपाली टोलीमा पहिलोपटक स्थान बनाएका उनी नयाँ अनुहारका क्रिकेटर हुन्।

१३ बसिर अहमद (मिडल अर्डर ब्याट्सम्यान)

७ टी-२० आई, रन १२३, विकेट २



सन् २०२२ मा बसिरले नैरुवीमा केन्याविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए। बसिरको पनि यो पहिलो विश्वकप यात्रा हो। सुरुवातका क्रममा मध्यक्रममा केन्द्रित भएका उनी पछिल्लो समय आफूलाई अलराउन्डरका रूपमा प्रस्तुत गरिरहेका छन्। दायाँहाते ब्याटिङ गर्ने बसिर स्पिन बलिङ गर्छन्। चार वर्षपछि राष्ट्रिय टोलीमा स्थान बनाएका उनको ब्याटिङ औसत ६१.५० हो। राष्ट्रिय टोलीमा पुनरागमन गर्नुपछाडि एनपिएलकै उत्कृष्ट प्रदर्शन थियो। उनले दोस्रो एनपिएलमा नौ खेलमा १९१ रन जोडेका थिए। क्रिजमा ठुलो स्ट्रोक लगाउन सक्ने बसिरको अर्को विशेषता नै धैर्यपूर्वक ब्याटिङ गर्छन्। टी-२० आईमा उनको ब्याटिङ स्ट्राइक १३५ रहेको छ। चार टी-२० आई इनिङ्समा उनले दुई विकेट हात पारेका छन्। बसिरले विश्वकपमा मौका पाउँदा राम्रो प्रदर्शन गर्ने बताएका छन्।

१४ लोकेश बम (ब्याट्सम्यान/विकेटकिपर)

१८ टी-२० आई, रन १६०



लोकेश पहिलोपटक टी-२० विश्वकप खेल्दै छन्। २५ वर्षीय लोकेश दायाँहाते ब्याट्सम्यान हुन्। लामो समयको प्रतीक्षापछि उनले राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। नेपालले यसपटक उनलाई दोस्रो रोजाइका विकेटकिपरका रूपमा समावेश गरेको हो। उनले सन् २०२२ मा ओमानमा भएको चारदेशीय शृंखलामा युएईविरुद्ध टी-२० आई डेब्यु गरेका थिए। अहिलेसम्म १८ टी-२० आईमा लोकेशले एक सय ६० रन जोडेका छन्। क्यानडासँगको अभ्यास खेलमा उनी पाँच रनमा आउट भएका थिए।

१५ नन्दन यादव (मध्यमगतिका बलर)

१२ टी-२० आई, १५ विकेट, रन ६८



यादवको पनि यो पहिलो विश्वकप यात्रा हो। गत वर्ष उनले स्कटल्यान्डमा भएको टी-२० आई शृंखलामार्फत नेपाली टोलीका लागि डेब्यु गरेका थिए। एक वर्षको अवधिमा उनले नेपालबाट १२ खेलमा अवसर पाउँदा १५ अन्तर्राष्ट्रिय विकेट लिएका छन्। उनको ७.२९ को इकोनोमी रहेको छ। तल्लोक्रममा ब्याटिङ गर्ने यादवले ६ इनिङ्समा ६८ रन जोडेका छन्।

टी-२० विश्वकपका समूह चरणको खेलतालिका



२४ माघ शनिबार

नेदरल्यान्ड्सविरुद्ध पाकिस्तान	बिहान ११:१५ बजे
स्कटल्यान्डविरुद्ध वेस्ट इन्डिज	दिउँसो ३:१५ बजे
भारतविरुद्ध अमेरिका	राति ७:१५ बजे

२५ माघ आइतबार

अफगानिस्तानविरुद्ध न्युजिल्यान्ड	बिहान ११:१५ बजे
इंग्ल्यान्डविरुद्ध नेपाल	दिउँसो ३:१५ बजे
श्रीलंकाविरुद्ध आयरल्यान्ड	राति ७:१५ बजे

२६ माघ सोमबार

इटालीविरुद्ध स्कटल्यान्ड	बिहान ११:१५ बजे
ओमानविरुद्ध जिम्बावे	दिउँसो ३:१५ बजे
क्यानडाविरुद्ध द. अफ्रिका	साँझ ७:१५ बजे

२७ माघ मंगलबार

नामिबियाविरुद्ध नेदरल्यान्ड्स	बिहान ११:१५ बजे
युएईविरुद्ध न्युजिल्यान्ड	दिउँसो ३:१५ बजे
पाकिस्तानविरुद्ध अमेरिका	साँझ ७:१५ बजे

२८ माघ बुधबार

अफगानिस्तानविरुद्ध द.अफ्रिका	बिहान ११:१५ बजे
आयरल्यान्डविरुद्ध अस्ट्रेलिया	दिउँसो ३:१५ बजे
इंग्ल्यान्डविरुद्ध वेस्ट इन्डिज	साँझ ७:१५ बजे

२९ माघ बिहीबार

श्रीलंकाविरुद्ध ओमान	बिहान ११:१५ बजे
इटालीविरुद्ध नेपाल	दिउँसो ३:१५ बजे
भारतविरुद्ध नामिबिया	साँझ ७:१५ बजे

१ फागुन शुक्रबार

अस्ट्रेलियाविरुद्ध जिम्बावे	बिहान ११:१५ बजे
क्यानडाविरुद्ध युएई	दिउँसो ३:१५ बजे
नेदरल्यान्ड्सविरुद्ध अमेरिका	साँझ ७:१५ बजे

२ फागुन शनिबार

आयरल्यान्डविरुद्ध ओमान	बिहान ११:१५ बजे
इंग्ल्यान्डविरुद्ध स्कटल्यान्ड	दिउँसो ३:१५ बजे
न्युजिल्यान्डविरुद्ध द. अफ्रिका	साँझ ७:१५ बजे

३ फागुन आइतबार

नेपालविरुद्ध वेस्ट इन्डिज	बिहान ११:१५ बजे
नामिबियाविरुद्ध अमेरिका	दिउँसो ३:१५ बजे
भारतविरुद्ध पाकिस्तान	साँझ ७:१५ बजे

४ फागुन सोमबार

अफगानिस्तानविरुद्ध युएई	बिहान ११:१५ बजे
इंग्ल्यान्डविरुद्ध इटाली	दिउँसो ३:१५ बजे
अस्ट्रेलियाविरुद्ध श्रीलंका	साँझ ७:१५ बजे

५ फागुन मंगलबार

क्यानडाविरुद्ध न्युजिल्यान्ड	बिहान ११:१५ बजे
आयरल्यान्डविरुद्ध जिम्बावे	दिउँसो ३:१५ बजे
नेपालविरुद्ध स्कटल्यान्ड	साँझ ७:१५ बजे

६ फागुन बुधबार

द. अफ्रिकाविरुद्ध युएई	बिहान ११:१५ बजे
नामिबियाविरुद्ध पाकिस्तान	दिउँसो ३:१५ बजे
भारतविरुद्ध नेदरल्यान्ड्स	साँझ ७:१५ बजे

७ फागुन बिहीबार

इटालीविरुद्ध वेस्ट इन्डिज	बिहान ११:१५ बजे
श्रीलंकाविरुद्ध जिम्बावे	दिउँसो ३:१५ बजे
अफगानिस्तानविरुद्ध क्यानडा	साँझ ७:१५ बजे

८ फागुन शुक्रबार

अस्ट्रेलियाविरुद्ध ओमान	साँझ ७:१५ बजे

■ प्रशिक्षण गर्दै इंग्ल्यान्डका खेलाडी



दुईपटकको पूर्वविजेता इंग्ल्यान्डले शुक्रबार मुम्बईको चर्चित वानखेडे रंगशालामा विश्वकपको अन्तिम तयारीस्वरूप प्रशिक्षण गरेको छ। १०औँ संस्करणको आइसिसी टी-२० विश्वकपमा इंग्ल्यान्ड समूह 'सी'मा छ। इंग्ल्यान्डले आफ्नो पहिलो खेल एसोसिएट राष्ट्र नेपालविरुद्ध यसै मैदानमा गर्नेछ। इंग्ल्यान्डले सन् २०१० को संस्करण जितेको थियो। १२ वर्षपछि इंग्ल्यान्डले दोस्रोपटक टी-२० विश्वकपको उपाधि उचाल्यो। यसपटक इंग्ल्यान्ड ह्यारी बुकको कप्तानीमा प्रतिस्पर्धा गर्दै छ।

शब्द तस्बिर : अमुल थापा/नयाँ पत्रिका

चोटले विश्वकप गुमाएका खेलाडी

एजेन्सी/ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता शनिबारदेखि सुरु हुँदै छ। सहभागी २० टोलीले प्रतियोगिताका लागि अन्तिम १५ सदस्यीय टोली घोषणा गरिसकेका छन्। प्रतियोगिताको पूर्वसन्ध्यामा केही चर्चित क्रिकेटर चोटकै कारण विश्वकपबाट बाहिरिएका छन्।

प्याट कमिन्स (अस्ट्रेलिया)

अस्ट्रेलियाका टेस्ट कप्तान प्याट कमिन्स ढाडको समस्याका कारण प्रतियोगिताबाट बाहिरिए। गत महिना इंग्ल्यान्डविरुद्धको एसेज सिरिजमा पनि उनले एक खेल मात्र खेलेका थिए। एसेज दौरान उनलाई ढाडको समस्या आइसकेको थियो। पूर्ण रूपले फिट नभएपछि उनले विश्वकपमा स्थान बनाउन सकेनन्।

एडम मिल्ने (न्युजिल्यान्ड)

न्युजिल्यान्डका फास्ट बलर एडम मिल्ने ह्यामस्ट्रिङ चोटका कारण विश्वकपबाट बाहिरिए। ह्यामस्ट्रिङमा गम्भीर चोट देखिएपछि विश्वकपमा उपलब्ध हुन नसक्ने न्युजिल्यान्ड क्रिकेटले जनाएको छ। उनको स्थान जेमिसनले लिएका छन्।

जोस हेजलउड (अस्ट्रेलिया)

विश्वकप सुरु हुनु एक दिनअगाडि उपाधि दाबेदार अस्ट्रेलियाले ठुलो झट्का सामना गरेको छ। भेट्टान फास्ट बलर जोस हेजलउड चोटका कारण शुक्रबार बाहिरिएका छन्। विश्वकपअगाडि चोट निको हुने सम्भावनाका कारण उनलाई अस्ट्रेलियन छनोटकर्ताले टोलीमा समावेश गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com